CC-0. Digitized by eGangotri and MIDF- Delhi

# नरसिंह अवतार

## परिचर्चा

जगदीश शमशेर राणा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# नरसिंह अवतार परिचर्चा

जगदीश शमशेर राणा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकः किशोर कुंवर

प्रथम संस्करणः वि. सं. २०४६
सन् १९८९

मूल्यः

मुद्रकः आवर्त प्रेस, कालिमाटी चोक, काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

# नरसिंह अवतार – परिचर्चा

कथा,कुथुङ्गरी, रूढीवूढी, इतिहास-पुराण, किंवदन्ती र परम्परा, भनेसुनेका अरेका कुराहरू र देखापर्ने चित्र र मूर्तिहरू सबैले छापेका हाम्रा विचार र कुँदेका हाम्रा चोला हामी हामी होइनौं भने हाम्रो जिन्दगीको नयाँ पात र हाम्रो नयाँ उत्साह उमङ्ग र कदमहरू ? हामी हामी नै होऔं मात्र हामी भने हाम्रो मनस्थितिमा वाक्लै मिलेको आदिमानिसदेखि आजसम्मकाको मनोभावना मनोमूर्ति मनोविज्ञानको निथार र आधुरूपको गहिरो छाप। त्यसैले होला हाम्रो जीवन कालभित्र पृथ्वीनारायण शाह या आइन्सटाइनको यथार्थले भन्दा ज्यादा हनुमान्को मिथकले ओहोर दोहोर गर्ने।' सुख दुःख, भाव-अभाव, ज्ञानले तिमिराएका घडी र अज्ञानको फाँटका फाँट अन्धकारमा अन्धो गोरुले जस्तो दाईं गर्न परेको बेलामा, आशा र निराशाले मथेको जिन्दगीमा मन झुण्ड्याउने ओतलाग्दो वलेंसी र पार ताप्ने घमैलो कुना हाम्रो मनको मिथकीय पक्ष नै हो।

कुन कुनाको कुन जाति विना मिथक बाँचेको छ र ? वास्तवमा आदारूपको मुहान नै पैल्याउने हो भने, सारा मानव जाति – सभ्य-असभ्य, नयाँ–पुराना, उन्नत-अनुन्नत, महानगर जङ्गलवासी सबको समान या सामान्य स्रोत फेलापर्छ। तर यी आद्यरूपको अभिव्यक्ति सबैले आआफ्नै तरीकाले गरेका छन्। गहिरो र गहकिलो ज्ञानकै ज्यादा महत्त्व संसारको हाम्रो भेकमा भएकोले र वैदिककालदेखिको लामो साहित्यिक परम्परा चल्दै आएकोले, मिथकीय अभिव्यक्तिको साहित्यिक पक्ष अरूतिर भन्दा, यो जम्बुदीपमा विस्तृत र संस्कृत भए जस्तो मलाई लाग्छ। दन्त्यकथा र दैत्यकथालाई पनि शाश्वत र पौराणिक रूप तथा महत्त्व दिने प्रक्रिया हाम्रा पूर्वजहरूले अपनाएका थिए।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै मिथकीय कथाहरूमध्ये 'दश अवतार' को मनोरञ्जक अभिव्यञ्जनाले मेरो काव्यगर्भमा वीर्यसिचन गऱ्यो । कुन वेला भन्न गाहारो कुरा हो। बालककालमा पुरेतबाजे, पंडितबाजे, पूजाकोठा र भित्ताभित्तामा झुंडयाइएका चित्र (तिनमध्ये मेरो बाजेको मुखारी खोपीको विशाल नरसिंहको चित्र) दशअवतारका तासहरू, वसन्त पञ्चमीमा गीत गोविन्द सुन्दाका दशअवतार अष्टपदी, चटयाङचुटुङ्ग पर्दा कराउने 'नरसिंग ! नरसिंग !' को रुढी, अनि मेरा पाटनका दिदी र सानागाउँका छातेहरूले सुनाएका 'हाम्रो पाटन' को दशअवतारको नाचको कुरा, न्वारान, पास्नी र विवाहमा राणाका दरबारमा मडौलीले गाउने दशअवतारका मास्टर मोहन रचित गाना – यी सबमा निथार थियो हाम्रा पूर्वजको प्रज्ञाको – मेरो सुषुप्त चेतनामा एकीभूत भएर बसेको आद्यरूप - पुस्तन पुस्ताको अनुभव, आशा, निराशा, त्रास र उत्साहले बुनेको, मिथकीय बुट्टाबुट्टीले ढाकेको बाक्लै किरिमिरी रेखा कोरिएको पुस्त्यौली ज्ञान आनन्दमय आनन्दभोगी चेतना – यसै पिण्डले मेरो ब्रह्माण्ड ढाक्तै गयो ।

तर त्यत्रा विघ्न मिथकीय साहित्य र पुराण आदिले भरिएको देशमा, झन् सातवर्षको उमेरदेखि पाश्चात्य दन्त्यकथा परिकथा र युनानी मूलमा फूटेका मिथकीय साहित्य पढ्दै, सुन्दै, भिज्दै आएको व्यक्तिले यो दशावतारको मिथक किन छान्न पुगेको ? यस प्रश्न र यसको उत्तर केवल लखकटाइ मात्र होला । मेरोबालककाल, अध्ययनकाल र कुरुक्षेत्र काठमाडौं उपत्यकानै रह्यो । यो उपत्यकामा एकाङ्गी धर्म, मिथक, मूर्ति भन्दा बहुरङ्गी ज्ञान, जिज्ञासा र रूपनै धेरै फस्टायो । अद्वैतवाद भन्दा द्वैतवादले, हीनयान र महायान भन्दा वज्रयानले एकनाथ भन्दा पशुपतिनाथले, एकमत भन्दा बहुमतले प्रश्रय पायो । यस्तै बहुरूप बहुरङ्ग र विविधावली य काले अपनाए । किन भयो कसो भयोको लहरो नतानेर 'यहाँ यस्तै भयो' भनेर कुरा टुंग्याउँछु ।

सात सालदेखि सत्रसाल या सन् पचासको दशकमा बहुदलीय प्रणालीमा मच्चिँदा मच्चिँदा सन् साठीमा थच्चिएपछि मनपरेन र देशलाई मनभित्र हालेर आफूले डाँडा काटें । हिमाञ्चलको तपोवन जस्तो ठाउँमा गएर साहित्यको अध्ययन गर्न थालें – महाभारत, रामायण, भागवत्, उपनिषद्, केही वेदको छेउछाउ र थुप्रै पाश्चात्य आधुनिक साहित्य । मेरो सानो मन यौटै निचोडमा पुग्यो 'किसानले मानवजातिको पेटको भोक मेट्न अन्न फल तरकारी दूध आदि पुऱ्याएजस्तै काव्यकारको काम मान्छेको मन अघाउने मिथक पैदा गर्नु नै हो ।' त्यस घडी, जुनवेला किताब लेख्ने व्यथाले मलाई छुन थालेको थियो, त्यसवेला मेरो नेपाल र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली एकाङ्की व्यवस्थादेखि निसास्सिसकेका थिए । संसारभरि नै एकाङ्की विचार र व्यवस्थामा सन् साठीको विस्फोटक दशकले धोंजाकाधाँगा फटाउन थालिसकेको थियो । मेरा देशवासीले मात्र होइन, सारा मानवजातिले वहुरङ्गी, वेग्लावेग्लै मिथक खोजिसकेका थिए जस्तो मलाई लाग्यो त्यसैले यो 'पुरुष सूक्त' जस्तो दशानन दशशतकरधारी दशाङ्गुल दशावतारको मिथक छान्न पुगें ।

पढ्दा पल्टाउँदा यो दशावतारको मिथक आदि साहित्यदेखि आजसम्म कैयौं पटक कैयौं रूपमा सिद्धहस्त साहित्यकारहरूले अपनाउँदै आएका रहेछन् । यी अवतारहरूको वैदिक उत्पत्ति श्री वलदेव शास्त्रीले आफ्नो 'पुराण विमर्श' मा विद्वत्तापूर्वक व्याख्या गरेका छन् । श्रीमद्भागवत् पुराणमा यी अवतार कथाको अत्यन्त रङ्गीन तथा प्रभावशाली अभिव्यक्ति छ । डेढ हजार वर्ष पुरानो यो साहित्य-मा आज पनि ताजा रसको स्वाद लिन सकिन्छ । महाकवि श्री हर्षले नैषधीय चरित्रमा यसको छोटो छोटो तर गढ प्रयोग गरेका छन् । गीत गोविन्द (हाम्रो काठमाडौंमा वसन्त पचमीको दिन हरवर्ष औपचारिक तरीकाले हनुमान्ढोका दरवारको चोकमा गाइने)मा जयदेवले लेखेका दशावतार अष्टपदि विश्वप्रसिद्ध छन् । महाकवि सेमेन्द्रले दशावतार महाकाव्य लेखे । वालकृष्ण समजीको प्रह्लाद नाटक नेपाली नाटक साहित्यमा सर्वोपरी मानिएको छ । मेरो भन्नुको अर्थ यो दशावतार मिथक लोप भएको मिथक पनि होइन, जेम्स ज्वायसले आफ्नो प्रसिद्ध ग्रन्थ युलिसिस ढलान गर्नलाई होमरको ओडेस्सिको मिथक खनेर ल्याएजस्तो, पुरातत्त्व विभागको फाइलवाट खनेर ल्याएको मिथक पनि होइन । दशावतारको मिथकीय धाराले हाम्रो सामूहिक चेतना र साहित्यक वसुन्धरालाई रसाउन या सिचन छाडेको छैन ।

हुन पनि कल्पनाको रङ्गीन प्रस्फुरण र अभिव्यक्तिको घतलाग्दो प्रक्रिया मात्र नभई दशवतारका दशै कथाले मान्छेको चिन्तनको केस्राकेस्रा छोड्याएको छ । शास्त्रको या सिद्धान्तको अर्थको अनर्थ गर्नेसँग लडेर सिद्धान्तको पवित्रता बचाउन भवसागरको लछारपछार खपेर, अमृत जति आफूले पोको पार्ने पिपको घडा जन साधारणमा पोख्ने असुरहरूको सत्यनाशी कार्य सिद्धहुन नदिएर, संसार र मानव जातिको सुखको लागि विष प्यून तथा र शहीद मर्त्यलोक मा जन्मेकाको यो जीवनको मुहान फेलापारेर हिलोमैलो क्लेशद्वेषले ढाकेको जिन्दगीवाट उन्नेर स्वच्छ जिन्दगी पैलाउने प्रयास – आततायीको व्यवस्थाले ढाकेको समाजमा, मानवधर्मको आधारमा समाजलाई संगठित गरेर मूकलाई वाचाल, जडलाई चेतन गरेर दानव व्यवस्थाको आन्द्राभूँडी निकाल्ने प्रयत्न – साना भनेकाहरू ठूला भएर, लूटकाधन फुपूका सराध्ये गर्नेहरूको थाप्लामा कुल्चिने भावना – अनर्थमा परेकाहरूको मनोद्वेग र क्रोधाग्नि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उलैर, शस्त्रास्त्र हत्याएर आधिपत्य जमाएकाहरूलाई सौभाग्य पार्ने परिकल्पना – अनीतिले ढाकेको संसारमा नीतिले जितेको रामकथा – राजशक्तिको दुरूपयोग गरेर बस्ने ठूलाबडो भनाउँदा शक्तिशालीलाई ग्यालागोठाला उठाएर दमन गर्ने जनता-जनार्दनको रूप – रूढी, अकर्मकाण्ड, अधर्म प्रचार गरी बस्ने हिंस्रकहरूमा शान्ति अहिंसा र सम्यक्ज्ञान फैलाएर परिवर्तन ल्याउने चक्र संचालन – मानिस खाएर बस्नेहरूले ढाकेको, हिंसामा आधारित समाजमा सशस्त्रक्रान्तिले निरन्तर प्रलय मच्चाएर लयको स्थापना गर्ने कालचक्र परिवर्तन – यी सबै युगातीत सिद्धान्त या आदिकालदेखिका धर्म र नीति खोज्ने दार्शनिक र चिन्तकहरूले खोज्दै जोर्दै रच्दै गर्दै आएका उदात्त भावना र कार्य हुन् । त्यसैले हरेक अवतारको चुरोमा सँधै समसामयिकि फेलापार्ने गाहारो पर्दैन । आजको युगमा पनि दशावतार मिथकको आधुनिक र समसामयिक अभिव्यक्ति सम्भव छ । बासी गल्नाएर नाक खुम्च्याउनु पर्दैन ।

तैपनि, 'दशअवतार' 'नरसिंह अवतार' जस्ता नाम सुनेरै आँखिभौं उचाल्ने धेरै हुन्छन् । मलाई प्रतिक्रिया या पुनरूत्थानवादको अचानोमा तेर्स्याएर टुक्राटुक्रा पार्ने तम्सनेहरू भात्र होइन मेरो साहित्यको चासो राख्ने हितैषीहरूले पनि यौटा प्रश्न जरूर सोध्छन् - मिथकीय अभिव्यक्ति नै तात्पर्य भए हाम्रो आजको संसारमा यस्ता घटना या व्यवस्था या परिस्थिति पर्याप्त पाइँदैन र ? आधुनिक-कालमा यो पुराणको दुहाई किन लिनु ? पौराणिकवाट समसामयिककमा फालहाल्ने आवश्यकता के ?

यी प्रश्नको उत्तर मेरा दुई काव्यसिद्धान्त सम्बन्धी लेख 'काव्यमा नव आयाम' (दश दृष्टिकोण प्रथम संस्करण) र 'मिथक र साहित्य' (दश दृष्टिकोण प्रथम संस्करण) मा बिस्तारपूर्वक खल गरिएको छ । वाङ्मय इतिहासको फाट्टु-फुट्टु घटना होइन । वाक् र अर्थलाई जोडेर बग्ने मानव चिन्तनको अभिव्यक्त सरिता हो । त्यसैले हामी आधुनिक लेखक हौं, नयाँ लेख्छौं, पुराना भन्दा उत्कृष्ट लेख्छौं, हामी मानव सभ्यता र ज्ञानका सर्वोच्च चूलिमा पुगेका छौं भन्ने धारणा मिथ्या आडम्बर हो । हामी जो लेख्छौं त्यो नयाँ स्रोत होइन नयाँ धारा हुन सक्तछ र केही पछि यो पनि पुरानो धारा बन्छ–रहन्छ रहन्न भन्ने कुरा त काव्यको सामर्थ्यमा निर्भर गर्छ । सबै धारा वेद, पुराण या पञ्चमहाकाव्य जस्तो सबल हुन सक्तैन । यी आफ्नै बेलामा नयाँ प्रयोग नयाँ धारा अभिनव चिन्तन थिए तर अलग धारा नभई सबल वाङ्मयको प्राचीन प्रवाहसँग बग्ने नयाँ तरेली थिए ।

आज यो साहित्यिक धारा या प्रवाहबारे केही प्रश्न उठेका छन् । 'कुन



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवाह कुन धारा ?' भन्ने प्रश्न। भानुभक्त र लेखनाथजीको जस्तो संस्कृत साहित्यको धारा मात्र 'हाम्रो वाङ्मय'को धारा नभई पाश्चात्य साहित्य अझ चित्र र मूर्तिकला र संगीतका धाराले पनि हाम्रा साहित्यकारहरूलाई प्रेरणा दिएको छ। कति जना त पाश्चात्य जगत्को ललितकलाको नयाँ धारालाई, नयाँ सडकको पसलमा 'फोरेन' माल झंटेर घर सिगार्न लगेजस्तै प्रवाह नै नबुझी केवल चमत्कारिताको प्रभावमा परेर आनन्दवादको चोर व्यापार गर्न तल्लीन भएका छन्। समेट्न नसकेको प्रवाह र बुझ्न नसकेको प्रभावले लेखकको प्रतिभा र व्यक्तित्व दुवै कुरा मारिदिन्छ। प्रवाहमा बाँकटे मारेर पौडन सक्नु र प्रभावलाई स्वाद लिएर पचाउन सक्नु काव्यकारको पुरुषार्थ हो। त्यस्तै पुराना प्रवाहमा बगेर या वेद र पुराणको अनुकरण या अनुशीलन गरेर लेखक पार लाग्छन् भन्ने मेरो भनाइ होइन, प्रतिभा प्रस्फुरण या नयाँ रचनाको लागि आफ्नो साहित्यको मूल प्रवाहदेखि उच्छिट्टिनुपर्दैन, परम्परा पचाएर मात्र सार्थक र सबलकाव्यको सिर्जना गर्न सकिन्छ भन्ने मेरो तात्पर्य हो।

पुराणको नाम लिने बित्तिकै आज हामी सबैलाई ख्याल आउँछ – धार्मिक ग्रन्थको – पटेर लाग्दो पठनपाठन र उराठ लाग्दो कर्मकाण्डको – रूढीवादलाई बलियो गरी समाजमा कायम राख्ने परम्पराको – राजा र द्यौता र राक्षस र चमत्कारिता र स्वर्ग नर्कका अनौठा भए नभएका विनसित्तीका कुराको – पुरानो पुरानो पुरानो स्यु स्यु राजाका पालाका मतलब नसतलबका कुराको र यस्तै बाह्र सत्तरी कुराको..... ... ।।

पुराणको परम्परानै रहेन। पुराण बाँच्ने शुकदेव – आफूले रस लिएर स्रोतालाई खान र पचाउन सजिलो गरी अर्थ लगाइदिने पण्डितको कमी हुँदै गयो। कौवाको वृत्ति र वचन भएका पण्डित बाजेले पुराण बाँचेर खानेबाटो गर्नलागे। पुराण साधन अर्थ साध्य भयो। जन्मेदेखि मरेसम्म र मरेपछि पनि, पुराण बोकेर लुट्न जान्नेले लखेट्न छाडेनन्। विभिन्न पुराणको अर्थ र रस छुटचाउन नसक्ने गरी मिसाइयो – महापुराणहरूको पनि अर्थको अनर्थ भयो। मेरो विचारमा संस्कृत-का काव्ययुगको महाकविहरूले पनि पुराणको कथा त लिए तर पौराणिक साहित्यको व्यापकता र अभिव्यक्तिको मर्म बुझ्न या बुझेर अपनाउन सकेनन्। ऋषिको हातबाट साहित्य पण्डित, पुरोहित र राजदरबारका काव्यकारको हातमा गयो। काव्य युगको रस – अलङ्कार परम्पराले पौराणिक साहित्यको परम्परालाई जित्यो। त्यसबेला युगले त्यस्तै कोल्टे फेरेको थियो – 'इतिहास-पुराणानाम्'को मान्यता सधै रहेन। पुराणकोरा साहित्य पनि थिएन। त्यसैले पनि साहित्यले आफनो अलग बाटो खोज्दा पुराणको पद्धति छाड्न पऱ्यो।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाटो फाट्दै गयो । जुग बित्दै गयो । साहित्य रचिँदै गए, लेखिदै गयो, फेरि छापिँदै गयो । पुराण बाँच्ने प्रथा अझै रोकिएको छैन । तर पुराणको धार्मिक

बाटो फाट्दै गयो । जुग बित्दै गयो । साहित्य रचिँदै गए, लेखिदै गयो, फेरि छापिँदै गयो । पुराण बाँच्ने प्रथा अझै रोकिएको छैन । तर पुराणको धार्मिक र रूढीपक्षले नैतिक पक्षलाई जित्दै गयो । हुनत पौराणिककालको नैतिक पक्ष र आजकोमा अन्तर छ तर साहित्य मनोरञ्जक मात्र नभई कल्याणकारी पनि हुनुपर्छ भन्ने व्यासको मूल सिद्धान्त, यो रोम्यान्टिक युगको प्रवाह आधुनिक-कविताको नव-रोम्यान्टिक धारामा फुटेर सेरोफेरो ढाक्दा पनि सार्थकै जस्तो लाग्छ । मेरो लागि त नैतिक पक्ष, काव्यको शैली अलङ्कार र अरू संरचनाजस्तै अभिन्न अङ्ग नै भएको छ ।

पौराणिक साहित्यको अर्को एक पक्षले मलाई अत्यन्त महत्त्वपूर्ण लाग्यो । लोकवृत्तिको समष्टिमा अध्ययन र अनुशीलन गरेर व्यापकमा वर्णन गर्ने चमत्कारिता साधारण काव्य साधना होइन । मैले महाकाव्यात्मक उडानलाई नै अँगाल्न आँटेपछि काव्यको व्यापक शैलीबारे सोच्नै पऱ्यो । कालिदास, श्रीहर्ष, होमर, मिल्टन, देवकोटा, समजी सबको महाकाव्य पढ्दा पनि मैले बाटो ठम्याउन सकिन । निगम कल्पतरुको पाकेको फूलको रस पिएपछि आफनो बाटो ठम्याउन सकें । काव्य युगदेखि चलिआएको रस अलङ्कारवादभन्दा, धेरै विस्तृत धारणाको परम्परा पाएको हामी भाग्यमानी लेखकलाई विशाल लेखन क्षेत्र खोज्न कतै जानुपर्दैन ।

धेरैजसो काव्य, खासगरी आजभोलिका काव्यमा वर्णनात्मक र कथनात्मक शैलीमा लेखिएका सुन्दर धारा प्रशस्त छन् । वर्णन र कथनको सौन्दर्यको साहित्यमा महत्त्वपूर्ण स्थान सधैं रहन्छ । तर व्यापक वर्णन, समष्टिमा अभिव्यक्ति, बोलचाल र देखेसुनेको क्षेत्रभन्दा भिन्न या व्यापक या गहिरो जानु पर्दा मिथकीय अभिव्यक्तिको प्रयोग नगरी सुख पाइन्न । झन् 'ध्यात्वा कूर्यात' भन्ने शुक्रनीतिसरको यौगिक प्रक्रिया समेत मूल-धन भइसकेको देशमा या भाषाभाषीको बीचमा केवल कथनात्मक र वर्णनात्मक अभिव्यक्ति अति फिक्कानै लाग्छ । कलेज कालदेखिनै हाम्रो नेपाली महाकाव्यबारे मेरो मनमा यही खुलदुली मच्चिएको थियो । त्यसैले नरसिंह अवतार-मा र दश अवतार काव्यको तर्जुमा गर्दा मैले मिथकीय अभिव्यक्तिलाई ज्यादा महत्त्व दिएँ ।

आजको युगमा, खासगरी युगमानवको ज्ञान तथा दृष्टिकोण व्यापक र विस्तृत हुनाको साथसाथै यो विश्व उसको मुठ्ठीभित्र अटाउन गएको परिस्थितिमा एक बाजी फेरि शरीर भन्दा मनको महत्त्व र जागृत चेतना भन्दा स्वप्न, सुसुप्ति र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तूर्य चेतनको गहिराइ र व्यापकता सर्वमान्य हुँदै आएको बेलामा, मिथकीय अभिव्यक्तिको समसामयिक प्रासंगिकता बढ्दै आएजस्तो मलाई लाग्छ । त्यसैले पुराण लेख्ने प्रयोग गरेको भन्दैमा यो अभिव्यंजना पुरानो भन्न मिल्दैन ।

न त्यही प्रथा र प्रयोगको पुनरुत्थानै मेरो लक्ष्य हो । पुनर्जागरणको नयाँ क्रमको भन्न भने गाहारो लाग्दैन । अभिव्यंजनाको उपरोक्त प्रयोग गर्दा पौराणिक मिथकसँग सम्बन्ध नजोरे पनि हुने थियो । नास्तिक दर्शन या लोकायत दर्शनले भक्ति परम्परा खुर्केर फालिसकेको म जस्ता लेखकलाई हिन्दू देवकुलका कथाको आड लिनुपर्ने थिएन । तर काव्य कविको अभिव्यक्ति मात्र होइन । विचार या भाव संचारको उत्कृष्ट माध्यम पनि हो । पाठकको कल्पना विना काव्य रचना गर्नु निरर्थक मात्र होइन असंभव पनि हुन्छ । त्यसैले पनि मिथकीय प्रयोगको परम्परासँग जोडेर समसामयिक मिथकलाई काव्य रूप दिने प्रयास गरेको हुँ । हाम्रो नेपाली समाज मात्र होइन, सारा मानव संसार नै ईश्वर र दैवीशक्ति या धर्मभीरुता या सिद्धान्तवादको महत्त्वले जकडिएको छ । स्वच्छन्द चिन्तनको पक्ष अत्यन्त दुर्बल छ । यस्तो रूढीग्रस्त समाजमा सृष्टिको उत्कृष्ट मानव जातिमा पनि हीनताको भावना, कायरता र पलायनवादी दृष्टिकोण व्यापक रहनु स्वाभाविकै हो । टाक्सिएको पाठक समाजमा अहं भाव जगाउन पनि मानिसको या युगमानवको वीरोचित्कार्य नै मिथकीय काव्यको मूल विषयसार हुन सक्छ भन्ने दृष्टिकोणको आवश्यकता छ भन्ने मलाई लाग्छ ।

कार्ल युङ्गको 'युग युगान्तरको मनोवैज्ञानिक निथार हरेक युगमानवमा व्याप्त रहन्छ' भन्ने सिद्धान्त या लिवि स्त्राउस्को 'सारा मानव युग र सारा मानव जातिको साझा उत्पत्ति र समसामयिकि'को समाजशास्त्रीय दृष्टिकोणलाई अधिकृत तरिकाले खण्डन या मण्डन गर्न नसकेसम्म केवल आफ्नै मिथकीय परम्परालाई सामयिक प्रसङ्गदेखि बाहिरको ठान्नु मलाई त युक्तिसङ्गत लागेन । वैदिक साहित्य अन्तर्गत दशावतार विषय र श्रीमत्भागवत्को दशावतार वर्णनमा दश शताब्दी भन्दा ज्यादाको अन्तर छ । अनि त हरेक शताब्दीमा भनेजस्तो दशवतारको रूपान्तरित साहित्यिक अभिव्यक्ति हुँदै गयो । दशअवतारको मिथकीय रूपले हाम्रो पुस्तन दरपुस्तन मानव मनमा एक न एक रूप एक एक न एक तरहको चिन्तन पैदा गर्दै गयो । आज क्रिस्तान स्कूलमा पढेका हाम्रा सन्तानलाई दशअवतारको भन्दा बाइबलका मिथकीय विषयको ज्यादा ज्ञान भए पनि हाम्रो नेपाली समाजको कुना काप्चा, कलाकौशल ढाकेर बसेको दशावतार मिथकले नयाँ छिचलकाको चेतनाको विभिन्न तरेलीमा प्रवेश पाएको छैन भन्नु मानव मनको पहेलु नबुझ्नु हो । त्यसैले



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि व्यापक र वृहद् काव्यको आयोजन गर्न लाग्दै मैले पौराणिकदेखि समसामयिक परिधि ढाक्न खोजेको हुँ । कति पौराणिक कति समसामयिक त्यो त काव्य पढेरै थाहा पाउनुपर्ने कुरा हो ।

ममा दशअवतारको आदि रूपको परिदर्शन देखेर गायत्री या सूत्रमन्त्र रच्ने ऋषिको, या महाभारतको मिथक कोष, रामायणको अपर्व कथन या महापुराणको व्यापक अभिव्यंजनाका शक्ति पाएका हाम्रै पूर्व लेखकहरूको शक्तिको छिटा मात्र भएको भए सायद म नयाँ र मौलिक रूप या कथानक या विषय लिएरै काव्यको ढाँचा खडा गर्ने थिएँ । तर कहाँ ती व्यास परम्पराका गजेन्द्र, कहाँ म नेपाल खाल्टोको कमिला पहिलेत दशअवतार काव्यको तर्जुमा गर्दा गर्दै जति जति विषय विस्तृत हुँदै गयो उति उति काव्य योजनाको समस्या बढ्दै गयो । हुनत काव्यमा शरीर र आत्मा भनेर छुट्याइरहँदा अनेकौं सैद्धान्तिक र व्यवहारिक बाधा आइ-पर्छ । तैपनि हाम्रा काव्यसिद्धान्तका महारथीहरूले काव्यको मेरूदण्ड निर्धारण गरेरनै साहित्यको पुर्पक्ष गर्ने गरे । काव्यको आत्मा 'रस' हो या 'ध्वनि'; काव्यमा 'अलङ्कार' प्रधान हो या 'वक्रोक्ति' भन्ने विषयमा अत्यन्त विद्वत्तापूर्ण तर्क गरे । सिद्धान्त स्थापना गरे । 'रूप-देखा' मा मेरो काव्य र कला सिद्धान्त सम्बन्धी लेख पढ्ने पाठकहरूले मेरो समालोचना साहित्यको पक्षबारे पनि चालपाएका होलान् । वर्षौं यो काव्यधारामा बानी पारिसकेकोले दशअवतार काव्यको संयोजना गर्दा पनि समालोचकको दृष्टिकोण चटक्कै छाड्न सकिन । काव्यको 'आत्मा(?)' या मेरूदण्डबारे चिन्तन गर्दा गर्दा म एकै अठोटमा पुगेको थिएँ । काव्यको प्रमुख अङ्गनै यसको संरचनात्मक ऐक्य (Structural unity) हो । सिद्धान्तको पकड फुस्किनसक्नुहुन्छ । त्यसैले पनि मैले वृहद काव्य,(मेरो नोट बुकको टिप्पणीहरूमा त दश पृथक पुस्तकको) को संयोजना गर्दा दशावतारको विषय, रूप, कथानक आदिको सूत्र छाड्न सकिन । विस्तार विस्तार विषयक ऐक्य (Thematic Unity) ले प्रबल रूप लिँदै गयो, हाम्रो संसार र आजको युगमानवको क्षेत्र तथा दृष्टिकोण व्यापक भइदिएकोले मलाई समसामयिक मिथक तथा प्रसंगको विषयवस्तुले यति ठूलो संरचना थेग्न गाहारो परेन । तर नुरूमा त दशावतार विषयको धागोमा नउनेको भए गेडा गेडा लठीबज्र हुने थियो, यो धागोको सहारामा नबाँधेको भए चोया चोया लथालिङ्ग हुने थियो, यी तार नकसेको भए दश विभिन्न काव्यरूप र एकै काव्यको टुक्राटुक्रा पनि कुँदनु अघिनै टूट-फूट हुने थियो । धेरै जसो काव्यमा या पुस्तकमा दशअवतारको विषय नाम मात्रको या चिन्नै नसकिने गरी कायान्तर भएको देखिन्छ । काव्य रचना जति विस्तृत हुँदै गयो उति दशावतारको आड लिनै



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्ने भएन । तर यसो भन्दैमा दशावतारको कथानक मिथक र विम्बको प्राथमिक आधारलाई र प्रारम्भिक संरचनाकालमा यसको महत्त्वलाई अनावश्यक सम्झन हुँदैन । लेख्दालेख्दै पनि कैयौं पटक रचनात्मक या संयोजनात्मक एकता खुकुलो भएको या विषय प्रसङ्ग छुट्न आँटेको बेलामा दशावतारको विषय या विम्बलाई अँगाल्न परेको छ । खासगरी व्यपिबाट समष्टि र सीमितबाट सार्वत्रिक क्षेत्रमा पुग्ने अप्ठ्यारो पर्दा दशावतारकै सहारा लिएकोछु ।

यिनै सारा बाध्यताले गर्दा मैले पौराणिकबाट समसामयिकको लामो बाटो नै अपनाएको ।

अघि धेरै ठाउँ भनिसकें, लेख्न सुरू गर्दा मैले एउटै दश अवतार काव्य लेख्ने विचारले गरेको थिएँ । नोटबूक भर्दा हरेक अवतारको रूप अलगअलग र विशिष्ट बन्न लागे । संरचना र शैलीको पनि पृथक्पृथक् संभावना देखिन लागे । यत्रो वर्ष साहित्यमा लागेर पनि किताबको रूपमा नलेखेर बसेकाको सामुन्ने अलग अलग पुस्तक मात्र होइन विभिन्न रूपका काव्य लेख्ने सम्भावना देखा परे । कोर्दै गएँ । नयाँ नयाँ रूप-रेखा बन्दै गए । विषयवस्तु, अभिव्यञ्जना, शैली छन्द, निरूपण प्रक्रिया सब बेग्लाबेग्लै । शिक्षा र अध्ययन दुवैले गर्दा आधुनिक पाश्चात्य लेखक इलियट, डाइलन थोमस, जेमस जोयस, राँबो, भालरे, बोदलियर, साँज्यो पार्स, पास्तरनाक, नरूदा, सोलजेनित्सिन र मेरा नेपाली कविहरू नै प्रेरणाका स्रोत बन्लान् भनिठानेको थिएँ । तर बाँध त फुटचो वैदिक, पौराणिक, तान्त्रिक र स्तोत्र काव्य परम्पराको । त्यसैले बहुमुखी काव्यमालाकै तर्जुमाले नोटबूक भरिए । चिन्तनमा साँच्चीकै मन्थन सुरू भयो । मैले मनको वह रोकिन । विषय सार, अवतार कथा मिल्दो विषय विस्तार, भाव पक्ष–विचार पक्ष, शैली र सङ्गीतको संकेतन । साथ-साथै दशै अवतारको रूप–रेखा तयार भए । तर बृद्धिमा भने अघिपछि हुन थाल्यो । कृष्ण अवतार अघि बढ्नै सकेन, मैले खामनै सकिन । अझै काँज्रै छ । बुद्ध अवतार मण्डलामीतिमा आधारित हुने र काठमाडौं खाल्टो र चार भन्ज्याङ्गको भूगोलमा बाँध्न पर्ने हुँदा कुनै दिन स्वदेशमा बसोबास भए मात्र लेख्न सकिने भएर थन्कियो । मत्स्य अवतार लेखेर पनि केही पातामा रोकियो । वामन अवतारले रूप लियो । माण्डुक्य उपनिषद् र आधुनिक मनोविज्ञानका पक्ष लिएर प्रशस्त नोट बने, तान्त्रिक मनोविज्ञान र यो काव्यमा प्रयोग हुने भाषाको रूपमा अडिएको छ । कल्कि अवतार-को लागि स्तोत्र साहित्यको अध्ययन पूरा हुन सकेको छैन... ... यसै गरी सारा अवतार काव्य संरचनाको विभिन्न अवस्थामा पुगेका छन् । तर नृसिंह अवतार तयार भयो । छापियो ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरसिंह अवतारले किन उछिन्यो ? मैले जानेर र छानेर गरेको होइन । किन यो काइँलो अवतार जेठो भयो भन्ने बारे सोचें । नरसिंह सबभन्दा भयानक भएर ? नरसिंहको रूपमा चमत्कारिता ज्यादा भएर ? आकर्षण ज्यादा भएर ? संयोग ज्यादा भएर ? हुन सक्छ । तर मेरो विचारमा यो अवतारले मलाई पहिले डोऱ्याउनुको कारण यसको विषय सार नै हो भन्ने लाग्छ ।

अत्याचार र प्रजापीडन या तानाशाही नै यो काव्यको मूल विषय हो । यो विषयमा जन्मेदेखि नै डुबेजस्तो मलाई लाग्छ । राणा तानाशाही चरम सीमामा पुगेको बेला शासक परिवारमा जन्म भयो । राणा दरबारको चार पर्खाल, त्यहाँको नियम, शासन, अनुशासन र प्रजापीडनका तरहतरहका लीला देखेर हुर्किएँ । नेपाल बाहिरको संसारको पहिलो ज्ञान नै द्वितीय महायुद्धको ज्ञानले सुरू भयो । हिटलरको शक्ति प्रदर्शन र विजय मार्च दैनिक पत्रिका पढ्दै विश्वको मानचित्रमा चिनो लगाउने काम मास्टरजी लगाउँथे । त्यो बेला हिटलर शाहीको अत्याचारको प्रचण्डता राम्ररी बुझ्न नसके पनि यो घटनाको चासो पसेकोले द्वितीय महायुद्ध सम्बन्धी पुस्तक पाएसम्म पढ्दै गएँ । यस सम्बन्धी सिनेमाले झन् घटनाको तीव्रता प्रष्ट पाऱ्यो । मेट्रिकपछि कलेज रहेसम्म मीनपचासमा जयप्रकाशको पटना र कलेजपछि नेहरूको इलाहाबादमा पढ्न पुगें । अनि फर्केर हेर्दा आफ्नो देशको शासन, आपनै नातेदार शासन कर्ता र गुम्सिएको परिस्थितिमा उकुसमुकुस रहें । सात सालमा नेपालमा राणा शासन पल्टिदा भरखर एम. ए. सकेर कानून पढ्दै थिएँ । देश फर्किएँ । नागरिकको बीच, लेखक साथीको बीच मोचनको भावना, स्वच्छन्द वातावरण, उत्ताउलो र उच्छृङ्खलमा पनि मजा र नयाँ स्वाद, केही गरौं भन्ने जमर्को . तर वर्ष पाक्यो, काफल पाक्यो, कपाल पाके तर प्रजातन्त्र नपाकेर कच्चमचै रह्यो । इतिहासको पाठक भएकोले अल्लारे दुनियाँको लरखरे चाल बुझ्न गाह्रो परेन । प्रयोग, प्रयत्न, भूलचुक, उल्टोपाल्टो जालसाँझि सबै लक्षण, आजसम्म तानाशाही व्यवस्थामा जकडिएर बसेका नयाँ, अविकसित, गरीब, निरक्षर देशको तौतेबोली जस्तो लाग्यो । आम चुनाव भयो । स्वतन्त्र र बालिग जनमतद्वारा चुनिएका प्रतिनिधिको संसद खडा भयो । सर्वश्रेष्ठ नेपाली नागरिक विश्वेश्वरप्रसाद कोइराला निर्वाचित प्रधानमन्त्री बने । त्यतिखेर विपक्षदलको सदस्य भए पनि शासक दलको नियन्त्रणमा प्रजातन्त्र सुरक्षित रहन्छ भन्ने अठोट थियो । अब राजनैतिक गतिविधिमा लाग्ने धेरै भए साहित्यको आफ्नो क्षेत्रमा लागौं भनेर कदम चाल्न थालेको थिएँ । स्वतन्त्र वातावरणमा कविगोष्ठी, विचारको आदानप्रदान, 'प्रगति' जस्तो पत्रिकाको प्रकाशन, बढ्दो समानताको भाव हट्दैगएको जुग पुरानो दरबार



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र परिवार मात्रका परिधि बाहिर नवजागृत देशको साँस्कृतिक चहलपहल..... । यत्तिकैमा तानाशाही पञ्जाले बालक प्रजातन्त्रलाई अचानक झम्टिएर लग्यो। परिस्थितिले पल्टा खायो। तानाशाही ओइरियो, उही पद्धति उही दरबार र दर्बारिया उही राणामध्ये प्रतिक्रिया र प्रतिशोधका भावना लिनेको चहलपहल र चकचकी, उही भारदारी हात मोलाइ, उही ठालु र जिम्मावालका रजाइँ। झन् अन्तर्राष्ट्रिय क्षेत्रमा पुगेको मुलुकमा भ्रातृदमनको लागि हतियार प्रशस्त उडेर आए, लोभाती पापानीको लागि मुरीका मुरी धन थुप्रियो। माकुराधागे आर्थिक स्थितिमा रहेका लाचार देशवासी प्रजापीडनको साधन बने–पुर्जा केवल पुर्जा, यो विराट मान्छेको रगत फेर्ने र वंश परिवर्तन गर्ने अत्याचारी यन्त्र फलामे पुर्जा।

हाम्रो देशमा मात्र होइन, चारैतिर तानाशाही शक्तिको जगजगी चल्न लाग्यो। हतियारको उत्पादनमा होडबाजी, मुक्ति आन्दोलनको दमन, मुक्तिसेनानी शक्ति हात पर्नासाथ त्राटक बन्ने घटनाले चारैतिर ढाक्यो। विश्वको सर्वोन्नत प्रजातन्त्र कहलाइएको अमेरिका र साम्यवादका प्रवर्तक र संरक्षक मानिएको रूसले आ-आफ्नो स्वार्थको लागि शक्ति प्रयोग गरेको र तानाशाहहरूलाई नरसंहारको अस्त्र दिएर प्रजापीडनलाई चारैतिर फैलाएको देख्दा सुन्दा आफ्नो सेरोफेरोको र आफ्नो फिस्टे मुलुकको विषय, परिधि र क्षेत्र सानो, साँघ्रो र संकीर्ण लाग्न थाल्यो। तर कन्याङकुरुङ्ग पोथीको विलापले त वाल्मीकिको रामकथाको धारा फुटेको भने, यी सारा घटनाले मेरो मन कसरी नरसाउनु। त्यसैले नरसिंह अवतार काव्य जेठो हुन पुग्यो।

नरसिंह अवतारको विषयवस्तु 'त्राटन' (tyranny) नै हो। अत्याचार, प्रजापीडन, तानाशाही शब्दहरूले सारा विषय सारलाई भ्याउन नसकेकोले अंग्रेजी शब्दको स्वरसँग मिल्ने शब्द त्राटन, +tyranny को अर्थमा यहाँ प्रयोग गर्नुपर्‍यो। यहाँनिर मेरो नेपाली पाठकहरूसँग अनुरोध छ कि यो 'त्राटन' संकीर्ण सीमित, क्षेत्रीय, राष्ट्रिय या व्यक्तिपरक अर्थमा नलिनुहोला। संकुचित विषयवस्तु लिएर महाप्रबन्धक काव्य लेख्न सकिदैन। नरसिंह अवतारले चर्चेको त्राटनको क्षेत्र जहाँकहीं जस्तोसुकै जुनसुकै कालको–जसकसैले गरेको–जसरी तसरी गरेको जेलेकैले-को सबैतिरको सबै किसिमको सबैले गरेको त्राटनको वारपार फैलिएको छ। स्थानीय उल्लेख या इतिहासमा घटेका विशेष अत्याचार, प्रजापीडन सोषणको मूलक प्रशस्त देखिए पनि ती सब अभिव्यञ्जना छुट्टाछुट्टै सम्झेमा काव्यको अर्थ उल्टो पर्छ। र रसास्वादनमा पनि बाधा पर्छ। पत्र पत्र टाँसेर, ढुङ्गा ढुङ्गा कुँदेर



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाएको मन्दिर जस्तै यो प्रबन्ध काव्य पनि संरचनाको एक रूप हो, अनुबन्धन लेखन शैलीको रूप हो ।

कथानक र नायक–खलनायक खोज्ने या निर्धारण गर्ने बानी परेकालाई पनि यो काव्यमा सूत्र फेला पर्छ । द्वन्द्ववादप्रधान भएकोले यो काव्यको हरेक आठ अध्यायमा द्वन्द्वात्मक पक्ष छ । खलनायकको रूप काल पुरुष या युगपुरुष त्राटकको आद्यरूप र ठाउँ ठाउँमा सामान्य रूपमा देखा पर्छ । यो रूप एकाइम या Monolithic रूप विधानमा रचिएको छ । नायक बहुअङ्गी विश्वरूप जन समूह छ । काव्यमा यिनै दुई तत्वको द्वन्दको विस्तार र वृद्धिलाई मूल कथानक माने हुन्छ । पहिलो अध्यायदेखि त्राटक फष्टाउँदै जान्छ । सारा संसार राक्षस फष्टाउने थलो बन्छ जनसमूहमा मानिस रङ्ग निखन्छ, जागरण र चेतनाका फिलिङ्गो मात्र बाँकी रहन्छ । दोस्रो अध्यायमा युगपुरुष विजयी नायकको रवाफ लिएर आउँछ । सर्वत्र कालपुरुषको छायाँले ढाक्छ उता युग मानवको चेतनाको दिउल फाट्छ– आत्माभिमान र आत्मरक्षाको युगल भावनाको फकलेटाले मुख बाउँछ । तेस्रोमा काल पुरुष आफ्नो अखडा जमाएर त्रासन र पीडन शोषको यन्त्र सञ्चालन गर्न थाल्छ । मानिसको रगत बदल्ने, नसल परिवर्तन गर्ने र ढुंगे छिमल बढाउने काममा लाग्छ । उता मानिसको अमर रगतले मोचनको नयाँ कुत्कुती र भावना सर्वत्र फैलाउँछ । चौथो अध्यायमा विश्वरूप मोचन-मानवको चैतन्यको हरेक तहमा स्वतन्त्रता, स्वाधिकार, स्वाभिमान, धर्मयुद्धजस्ता भावना प्रतिस्फलित हुन थाल्दछ । पाँचौं अध्यायमा यही चेतनाको भावनाले युग मानवको जीवनका सैद्धान्तिक, सामाजिक राजनैतिक आर्थिक तथा अन्तर्राष्ट्रिय पक्षमा अन्यायको सामना गर्ने सङ्घर्षमय स्थिति पैदा गर्छ । छैटौं अध्याय त्राटक शक्ति र अदम्य मोचन भावना र स्वच्छन्द मानवको सङ्घर्षको वर्णन छ । प्रहर प्रहरको संघर्ष, कालपुरुषको असमर्थता दमन मरण र कालो युगको परम्परा र परिपाटीको गलन । सातौं अध्याय सुरू हुन्छ कालपुरुषको अन्त्यपछि आइपरेको रिक्ततामा । यो अध्यायमा क्रान्ति मानव दिशा खोज्दै, बाटो पैलाउँदै, हिजोदिनका तीताटर्रा कुरावाट भाग्दै, भोलिदिन– क्रान्तिपछिको नयाँ दिनको उज्यालोको कामना गर्दै भौंतारिएको विभिन्न दशाको झलक चित्रित छ । आठौं र आखिरी अध्याय-काल भैरव र महाङ्काली नाचमा क्रान्तिको दार्शनिक पक्ष संगीत मूर्ति तथा नृत्यको माध्यममा प्रस्तुत गरिएको छ। पुनरुत्थानको सम्भावनामा चढेर क्रान्तिनृत्य नाचेको काल भैरव महाङ्कालको रूप लिएर नित्यक्रान्ति र अनन्त क्रान्तिको रूपमा प्रकट हुन्छ । काव्य टुंगिन्छ क्रान्ति टुंगिदैन .. ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरसिंह अवतारको प्रबन्ध गर्दा र यो काव्य लेख्दा मेरो काव्य जगत् या प्रबन्ध काव्य पढ्ने नेपाली विद्वान्हरूको काव्य संसार भानुभक्तदेखि मोहन कोइराला-सम्मको क्षेत्रमा मात्र सीमित थिएन । वेददेखि बोदलियरसम्मको आलोकमा हामी उभिइसकेका थियौं । यो उड्ने र पड्किने शताब्दीको अन्तर्राष्ट्रिय वातावरण सर्वत्र फैलिसकेको थियो । हाम्रा सानो मुलुक र काँचो कलिलो भाषा साहित्यमा पनि यो दृष्टिकोण, यी उपलब्धि र यो व्यथा घुसिसकेको थियो । अन्तर्राष्ट्रवादी लेखक कसरी बन्नु, यत्रो व्यापक दायित्व कसरी बोक्नु, निरन्तर दायित्व उठाएर आफ्नो देश, आफ्नो भाषा र आफ्नो देशवासीको माध्यमले सबैको सेवामा आफ्नो प्रतिभा कसरी अर्पण गर्नु– यिनै लक्ष्य र त्यतै पुग्ने साधनातिर म लागेको थिएँ ।

काव्य जब प्रकाशित भयो, कतिले त एकान्त वेष पुस्तक भने, कतिले नबुझिने काव्य भने । तर पुस्तक प्रकाशित भएको दुई वर्षभित्र धेरै मेरा पाठकहरूले चाख लिएर टिप्पणी लेखे । हाम्रो सानो साहित्यिक क्षेत्रमा मात्र भए पनि यो काव्य साहित्यिक चर्चाको प्रमुख विषय बन्यो । सायद अन्यत्र कविको यत्रो कदर र काव्यको यस्तो चासो राख्दैनन् । यो पनि मेरो अहोभाग्य हो । मैले 'नरसिंह अवतार'को पहिलो जमर्कोका पाठकको कल्पना गरेभन्दा धेरै पाठकले यो काव्य पढेर परगेले ।

यतिमा नै अघाएर आँखा चिम्लेर वस्ने मेरो विचार हैन । आजका एक मुट्ठीले मात्र होइन भोलिकाले पनि मेरो यो काव्य पढून् र सुनून् त्यो भन्दा अझ भोलि अझै धेरैले पढून् र धेरैले बुझून् भन्ने विचारले यो काव्य लेखिएको हो। त्यसैले यो प्रबन्धकाव्य लेखेको । अघि भने जस्तै, अन्तर्राष्ट्रिय डबलीमा उभिएर, वेददेखि बोदलियरसम्मको काव्यधारालाई आफ्नै ठाउँमा अँगालिसकेपछि 'सबैले बुझ्ने, जनसाधारणको स्तरमा' भन्ने प्रचारवादी नारा र चलिआएको परम्परावादी धारामा भने लेख्न सकिन न त्यसरी लेख्ने प्रयास गरें । मेरो यो नरसिंह अवतार काव्यलाई मैले त स्रावित्र (Percolator) मा राखेको कफीको गाढा धूलोजस्तै सम्झेको छु। यो गाढा धूलोलाई बाफले तताएर, थोपाथोपा निचोरेर कफीको झोल तयार गर्ने. अनि पाठकको स्वाद मिल्दो दूध र चिनी मिलाएर कफी घरमा आउनेहरूलाई स्वाद लिन सिकाउने र सुलभ गराउने कार्य त काव्यका पारखी, यिनै मेरा एक मुट्ठी प्राथमिक समीक्षकको हो । त्यसपछि प्राध्यापकहरूको काम हो विद्यार्थीसम्म पुऱ्याउने । यसरी फैलिएका पाठकहरू र काव्यको गुणमा नै यसपछिको विस्तार निर्भर रहन्छ । सामाजिक परिधिमा प्रभावकारी या कार्योत्पादक रहेसम्म काव्य सार्थक रहन्छ ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

" 'उत्पत्स्यति' या 'उत्पात्स्यते' कोही समान धर्मा:" (मेरो काव्य बुझ्ने 'जैले जन्मलान्' या 'जन्मे भने') त्यो वेलाको लागि लेखेको भन्ने भावनाले लेखेको भए आज म आफ्नै काव्यबारे लेख्न बस्ने थिइनँ । मेरा केही पाठक र सहधर्मीहरूले कफीको धूलो अलि मसिनो गरी पिधे परकुलेटरको छान्नीबाट छिर्न अलि सजिलो हुन्थ्यो भनेकोले मात्र लेख्न आँटेको हुँ । अर्को कुरा नर्सिंह अवतार नागरिक दायित्व– एक अन्तर्राष्ट्रिय नागरिकको दायित्व बोकेर लेखिएको काव्य हो । यस विषयमा सबैको मनोभाव उमङ्ग या अनुराग कविकैजस्तो हुन्छ, अझ कविकै काव्य प्रतिभा या दृष्टिकोण सबैको हुन्छ भन्न सकिन्न । सबैको स्वभाव, प्रकृति र विषयगत प्रतिक्रिया फरकफरक हुन्छ । त्यसैले काव्यमा सर्वत्र युग मानसलाई सम्बोधन गर्दा मैले आफ्नो ल्याकतले भ्याएसम्म मेरो कवि प्रकृतिले खामेसम्म युग मानसको समस्या, आकांक्षा, चिन्ता र चिन्तनलाई समेट्न खोजेको छु । तर काव्यको आवेशले कति कुरा ढाकिदिए होलान् । त्यसैले पनि आज– कैयौं मेरा समकालीन तथा प्रखर आलोचकहरूले क्षमतापूर्वक काव्यको परिलाउँदा लाउँदै पनि मैले आफ्नो कथन बिसाउन खोजेको हुँ । काव्यबारे अन्तिम पुर्पक्ष समालोचकको नै हुन्छ, काव्य-कारको हुँदैन । तर विषयदेखि शैलीसम्म, लक्षणदेखि रीतिसम्म नवीनता ल्याउन तम्सेको लेखकले अलिकति सहानुभूतिमूलक दृष्टिकोण पोखेमा काव्य पढ्ने पढाउने-लाई लाभदायक नै होला ।

नर्सिंह अवतार प्रकाशित भएदेखि अहिलेसम्म यो काव्यको स्वरूप र आकार-बारे, लक्षण र भाषाबारे निकै चर्चा र थरीथरीको विचार प्रकट भएको देखेसुनेकोले यसबारे केही लेखौं । कवि के हो र काव्य के हो भन्नेबारे काव्यशास्त्रीहरूले धेरै लेखिसके तापनि शास्त्रको भरले कवि र काव्यको पुर्पक्ष गर्न सकिने कुरा होइन । कुन् नयाँ कवि र नयाँ काव्यको मूल्याङ्कन स्थापित सिद्धान्तको भरमा मात्र गर्न मिल्दैन । 'कु' या 'क्रम' धातुबाट कविशब्द बनेको मान्दा पनि क्रमिक विकासको पद्धतिलाई मान्नै पर्छ । त्यसैले युगको साथसाथै कविको अर्थमा पनि सापेक्ष परिवर्तन आउनु स्वाभाविकै हो । 'सरस्वतीको वरदपुत्र' 'दैविक शक्ति पाएको' 'प्रतिभा प्रस्फुरित भएको' एक किसिमले कल्पनाको बादल लोकबाट सुधावर्षा गर्ने कविको रूप यो नर्सिंह अवतारको कविमा खोजे पनि पाइँदैन । मैले त यो काव्यमा कुचो उठाएर कसिङ्गर पर्याक्ने प्रयास मात्र गरेको हुँ । 'कुचो लाउने कवि' । राजनैतिक क्षेत्रमा हामफालिसकेपछि, समालोचनाको क्षेत्रमा लेखिसकेपछि, केही सिद्धान्त बसालिसकेपछि, मान्यता र धारणा चारैतिर बसालेपछि लेखेको यो प्रबन्ध काव्यमा 'परिभू स्वयंभू' भन्दा समाजको र विश्वकै परिपाटीमाथि कतै र कसैमा विद्वेष र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घृणा अनि कतै र कसैमा प्रेम र अनुराग लिएर लेख्ने काव्यकारलाई खोज्दै गए मात्र नरसिंह अवतारको पत्रपत्रमा फेलापारिन्छ । यिनै प्रेरणाले मेरा कविता फुट्छन्, भावना र भावुकताको चराको चिबिर जस्तो प्राकृतिक प्रवृत्ति र आनन्दको उद्धार विरलै पाइन्छ । त्यसैले नरसिंह अवतारको कवि आफ्नो लक्ष्यभेद गर्न तम्सेको, कैयौं तारोको चाँदभरी गर्न कम्मर कसेको, कुचो बोकेर कसिंगर बढार्न अघिसरेको काव्यलाई शास्त्रको साथसाथै अस्त्र पनि मान्ने कवि भन्ने बुझेर पढेमा काव्यको गहिराइसम्म पुग्न सजिलो हुन्छ ।

काव्यको आरम्भ कविको प्रवृत्ति र उसको व्यक्तित्ववाटै हुन्छ । नरसिंह अवतार काव्यले व्यापक विषयलाई अँगालेको छ । गुभोमा नै जाने हो भने यो काव्यले अँगालेको सार्वभौमिक विषयको एक पक्षमा विद्वेष, घृणा, आक्रोश र विस्फोट उभिएका छन् अर्कोमा प्रेम, अनुराग, सहानुभूति र पुनर्निर्माण । यिनै दुई द्वन्द्वमय कविका यिनै दुई भावनाको विस्तारमा जीवनका विभिन्न पक्ष, मानव चिन्तनको विभिन्न तरेली तथा यो गहन प्रबन्ध काव्यको रङ्गीन बुनोट व्यक्त भएका छन् ।

यो काव्यको प्रबन्ध गर्दादेखि नै मैले हुँकार लिएरै अघि सरें । चारैतिरका खोक्रा आदर्श युगयुगान्तरदेखि आजसम्म चलिआएको त्राटनको परिपाटी, नरवलीको व्यापक तथा बहुरूपी व्यवस्था र विधिविधान, अनि अर्थ रिझिइसकेको मानिस मानिसको लडाई – यी सबलाई कुचो उठाएर झम्टँदै काव्यमा कुलिएर विरोध गर्न थालें । यसै काव्यकलापको प्रकाश हो यो नरसिंह अवतार । काव्यको रूपमा, संरचनामा, विषय विस्तारमा, प्रतीक र अभिव्यंजनामा, भाव र मनोभूतिमा लय र छन्दमा यत्रो विभिन्न प्रक्रिया पनि उपर्युक्त प्रवृत्तिको प्रवाह नै हो । वेददेखि बोदलियरसम्मको भ्याउन सकेसम्मको र बुझ्न सकेसम्मको परम्परा मुठ्ठी पारेर त्यसै कुचोले बढारेको थलोमा काव्य रच्ने प्रयास नै गरेको हुँ । नरसिंह अवतार काव्यमा । यहाँनेर परम्परा समेट्ने र बढार्नेबारे दुई शब्द भन्नु आवश्यक लाग्यो । धरीधरी वेदको र पुराणको, प्राचीन परम्परा र काव्य पद्धतिको अनि मिथको बयान गर्दा र एकै सासले परम्पराको कसिङ्गर कुचोले बढार्ने कुरा गर्दा, मेरो पाठकमा यो कुरा आफैंमा फाट्ने कुरा जस्तो लाग्न सक्छ । त्यसैले परम्पराका अलग अलग पक्षप्रतिका मेरो विचार दुईचार वाक्यमा विसाउन चाहन्छु । वेद र पुराण मेरो विचारमा अमूल्य साहित्यिक कीर्तिहरू हुन् । वेदका मन्त्र दर्शन प्रक्रिया, अभिव्यंजनाको अद्वितीय ध्वन्यात्मक प्रयोग, लयात्मकता र छन्द प्रयोगको कलात्मक पक्ष अनि पुराणको समष्टिमा सोचेर व्यापकमा अभिव्यक्त गर्ने शक्ति तथा मिथकीय



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभिव्यंजनाको रङ्गीन प्रयोग, चेतनाको विभिन्न स्तरमा छुन सक्ने काव्य पुरुषार्थ यी सब परम्परालाई आफ्नो बनाउन सक्नु नै आज र भोलिका आर्यावर्तका काव्यकारको महान उपलब्धि हुनेछ । तर यसो भन्दैमा यी ग्रन्थले थेग्न खोजेको परिपाटी र टेवा दिएको रूढी अनि उसबेला स्थापना गरेका तर आजको युगवाणी वहन गर्न नसक्ने या आज अप्रासंगिक रहने काव्यात्मक मान्यता पनि साथसाथै सोहर्नुपर्छ भन्ने मेरो भनाइ होइन; फेरि यी सब र यिनैको लहलहैमा पछि गाँसिएका मान्यता-हरूलाई कुचोलाएर बढार्नु पर्छ भन्ने मेरो भनाइ हो । पाश्चात्य साहित्यको रोम्यान्टिक लयात्मक काव्य प्रणालीलाई नै लिएर यौटा विचार विछ्याउँछु । रोम्यान्टिक काव्य प्रणाली र धेरै हदसम्म त्यस प्रणालीको रूपान्तरित विस्तार– आजका कैयौं आधुनिक कविताले काव्य परम्परामा, विचार र अभिव्यंजना अनि लयमा समेत नयाँ मोचनको भावना ल्याए पनि आकाश उडेर पलायनवादी बन्न र आफ्नै समाजको र विश्व समस्याको मूल मानव चिन्तनदेखि भाग्न तथा काव्य मनोरञ्जकको साथसाथै कल्याणकारी पनि हुनै पर्छ भन्ने सिद्धान्तदेखि विचलित हुन रोम्यान्टिक काव्य प्रणालीले नै प्रोत्साहित गऱ्यो। त्यसैले यहाँ काव्यको सिद्धान्त र कविको उत्तरदायित्ववारे रोम्यान्टिक युगका र आजयुगका रोम्यान्टिक धारामा बहेका कविहरू या काव्य परम्परासँग मेरो बिलकुल सहमति नभए पनि उनीहरूको स्वच्छन्द भावना तथा लयात्मकताको जमर्कोबाट सिकेर आधुनिक काव्यमा नयाँ आयाम थप्नु त लाभदायकै होला भन्ने मलाई लाग्छ ।

पुराना काव्य र कविहरू (वेददेखि वोदलियरसम्म भन्ने थेगो मैले बसाले जस्तै) र यिनका काव्यकीर्तिको उपलब्धि र बसालेको काव्य सिद्धान्त सारा हाम्रो साहित्य भण्डारका अमूल्य रत्न हुन् । 'राफेलका कलाकीर्ति सारामा आगो लाइदेऊ' भन्ने खालको साहित्यिक क्रान्ति मेरो सिद्धान्त नभएकोले आफू अघिकाको काव्य-कीर्तिको यथायोग्य मान्यता मनमा सँधै राख्छु । तर नयाँ मान्यता र नयाँ प्रणाली बोकेरै काव्य क्षेत्रमा ओलिएकोले नरसिंह अवतार काव्यको विषय पनि क्रान्ति र अभिव्यञ्जनामा पनि क्रान्ति भएजस्तो मलाई लाग्छ । यही दृष्टिकोणले काव्यका विभिन्न पक्षमा दृष्टिगोचर गरे काव्य प्रष्ट हुन्छ ।

पुस्तक प्रकाशित भएदेखिनै यो काव्यको स्वरूपवारे धेरै कुरा उठे । यो खण्डकाव्य हो कि महाकाव्य हो भन्ने चर्चा धेरैले उठाए । एक पाठकले यो 'ऊँट' काव्य हो, यसको स्वरूपमा विभिन्न टुक्राटाक्री नखुल्दो गरी टाँसिएको छ पनि लेखे; (यो कथन बिलकुलै नमिल्दो नभएकोले यहाँ उल्लेख गरेको यसवारे पछि लेखौंला)। चाँडोमा सत्रौं शताब्दीको सिद्धान्त र निरुपणलाई लिएर यो काव्यको स्वरूप



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठम्याउनु खोज्नु सजिलो कुरा होइन । नरसिंह अवतार काव्यमा समष्टिलाई अँगाल्ने प्रवृत्ति भएकोले र स्वरूप पनि खण्डकाव्य भन्दा लामो भएकोले महाकाव्यको नाम दिन खोजिँदै लागछ । तर हाम्रो नेपाली साहित्यमा मेरा पूर्व लेखकहरूले महाकाव्य लेखेजस्तो लेख्ने प्रवृत्ति ममा कहिल्यै भएन । कालिदास श्रीहर्ष र माइकेल मधुसूदन दत्त, अनि दाँते र मिल्टनका महाकाव्यहरू पढेर र पल्टाएर जति उमङ्ग मेरो मनमा उठेका थिए ती सब हाम्रा नेपाली महाकाव्यहरू पढेपछि सेलाउँदै गयो । महाकाव्यको काव्यशास्त्रका लक्षण पूरा गर्न कसैले कनिकुथी गरेको कृतिम सिलोक, कसैले बलजफत आकार बढाउन थपेका अप्रासंगिक सर्गहरू, कसैले पुराना लक्षण, पूरा गर्न अघि सारेका मुकुट र किरिटधारी राजाहरू, कसैले आकार नै महाकाव्य भन्ने ठानेर हेलचक्र्याइसँग दौडाएका सिलोकहरू, यी विद्यार्थीकालदेखि नै मेरो मनमा नमीठो प्रभाव परेको थियो । झन् पछि मेरो समालोचक मनमा त 'नेपाली सिद्धहस्त कविहरूको काव्य दोष खोज्न पऱ्यो भने उनका महाकाव्य पढ्नुपर्छ, भन्ने धारण नै जन्मिसकेको थियो । भानुभक्तको रामायण एक अपवाद हो । महाकाव्य नै लेख्ने फुर्फुरी मनमा भएको भए, आठ सर्गको काव्य लेख्नेले एक आधसर्ग बढाएर यसै काव्यमा लक्षण ग्रन्थको मान्य अङ्ग त पूरा गर्ने थिएँ ।

नायकको पक्ष हेरौं । जुन प्रवृत्तिको प्रवाहमा मैले लेखेँ, जुन 'घृणा' र 'सहानुभूति' का दुई पृथक ध्रुवको खिचातानीमा नरसिंह अवतार काव्य लेखियो त्यसमा धीरोदात्त या धीरललित कुनौन, महापुरुष र राजाको पुरानो रूपको लागि ठाउँ नै कहाँ ? नायक या प्रधाननायक या हीरोको रूप नै धमिलिँदै गएको मानव समाजमा अझ एक रूप र एउटा महापुरुष भन्दा सहस्र फुलेको मानसपटलमा परम्परागत शास्त्रीय नायक नायिका खोजेर यो नृत्यकाव्यमा कहाँ पाउनु ? ईश्वर, राजा र पितृलाई त्राटनका आदि रूप मानेर लेखिएको काव्यमा नायकको परम्परा र विधिविधानमा आमूल परिवर्तन सहानुभूतिपूर्वक बुझ्नेलाई काव्यको प्रवाहसँग पौड्न सकिन्छ । नायक नै खोजेर चिन्न चाहनेले नरसिंह अवतारको नायक या प्रधान पात्र चिनिसके । हाम्रो छिमलका लेखक–समीक्षक डा. ध्रुवचन्द्र गौतमले 'नरसिंह अवतार मानिसकै चेतनापूर्ण, मुक्तिकामी र विद्रोही अवतार हो' भनेर लेखेदेखिन्, मेरो विचारमा नरसिंह अवतारको नायक खोज्न अरू कतै जान पर्दैन । यो नायक अझ यी नायकको रूप र विस्तारबारे पछि लेख्दौंला । नायकको प्रयोजन या कामना 'मुक्ति' भन्ने वित्तिकै केबाट मुक्ति र मुक्तिको लक्ष्य के भन्ने र त्यसै गरी 'विद्रोही' अवतार भने पछि कोसँग या के माथि विद्रोह भन्ने कुरा उठ्छ । 'विद्रोह' त्राटन र त्राटक माथिको हो, त्राटनका विभिन्न अस्त्र सञ्चालन गर्ने, हिजो युगका



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभिन्न नाटक र आज युगका ठाउँठाउँ र थरीथरीका नाटक काव्यको खलनायकको एकाइम रूप हो । 'मुक्तिकामी' शब्दले नायक खलनायक दुवै पक्षलाई छोए पनि खास गरी यो शब्दले, काव्यको पृष्ठभूमि या क्रियाक्षेत्र 'बस्ती' को ताडनापूर्ण परिस्थितिबाट मोचन हुने प्रयास र कामनालाई नै लक्ष्य गर्छ । 'बस्ती' काव्यको क्षेत्र हो, धर्म क्षेत्र पनि कुरूक्षेत्र पनि, यहीं नायक र खलनायकको संघर्ष हुन्छ । राष्ट्रिय या खाल्टे दृष्टिकोणले मात्र यो काव्य नलेखिएकोले बस्ती भन्न साथ पाठकले 'यो त हाम्रै राजधानी न्यूयोर्क, लण्डन, पेरिस, मस्को, पेकिङ, र कैयौं यस्ता' भन्ने व्यापक दृष्टिकोणले सोच्नुपर्छ । यसै बस्तीको भाव, भावना, स्थिति, व्यवस्था, चेतनाको उथलपुथल, उद्धार पछार र अभिलेख, समयको अनन्त नृत्य र दिग्दर्शन-सँगसँगै काल पुरुष र युग मानवको संघर्षको विषय र घटना गाँसिएको छ । काव्यको विषय र प्रस्तुतीकरणको क्रम जान्न खोज्नेले यसै गरी ठम्याउनुपर्छ ।

यसरी काव्य बुझ्न नखोज्नेहरूले नरसिंह अवतारमा कविता र आख्यानको समन्वयबारे पनि कुरा उठाएकाछन् । आख्यान या कथानक काव्यमा हुनैपर्छ भन्ने मेरो धारणा छैन । मैले तर्जुमा गरेको तर लेखेर सक्न बाँकी 'बाउन्नेका कुराकानी' काव्यमा आख्यान नै छैन भने पनि हुन्छ । तर यो नरसिंह अवतार काव्यमा भने कथानक छ र कथानकको क्रमबद्ध विकास छ, सन्तुलित छ तथा साथसाथै कालपुरुष या नाटकको जगजगी सेलाउँदै गएको र नरसिंहको चकचकी फैलँदै गएको कथानकको क्रम विकास 'नाटकमा बताए बमोजिम पाँच सन्धिमा भन्ने साहित्य दर्पणको सुखान्त नाटकमा लागु हुने आदेश भन्दा अलि फरक र अझै विकसित छ । यसको विस्तार तेस्रो परिच्छेदमा गरौंला । यहाँ यत्ति नै भनौं कि – नरसिंह अवतारमा कविता र आख्यानको सम्बन्ध नयाँ सन्तुलनमा प्रस्तुत गरिएको छ र मैले तर्जुमा गरेका अरू काव्यमा पनि विषय सार या आख्यान र कविता या काव्यको समन्वय, हरेक काव्यमा नयाँ नयाँ तरीकाले गरिनेछ । काव्य रचना र काव्यका रूपको नयाँ नयाँ सम्भावना या शद्यताको आविष्कार गर्नु आयामिक लेखकको कौशल र उत्तरदायित्व हो भन्ने मलाई लाग्छ ।

यसैको साथ साथै अघि मैले उल्लेख गरिसकेको एक समालोचकको झटारो 'नरसिंह अवतार ऊँट हो' भन्ने आलोचनाबारे दुई चार शब्द भनेर अनि शैली र शिल्पबारे परिलाउँला । यो काव्यमा आठ सर्ग र हरेक सर्गमा अनेक पृथक अंश या टुक्राटाक्री कविताहरू छन् । यी आठै सर्गको अलग अलग रूप र काव्यशैली त भए भए, हरेक सर्गका टुक्राहरू पनि कहीं त छन्द, लय र कथनमा पनि निक्कै फरक छन् । त्यसैले यो 'ऊट' भन्ने आलोचना रिसाएरै लेखेका भए पनि, नमिल्दो



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आलोचना भनेर पन्छाउन मिल्दैन । दश अवतार काव्यको ज्यादै विस्तृत रूपले मेरो मन र नोटबुक भरिन थालेदेखि नै मलाई 'स्वल्पस्तधायुः वहवश्च विघ्नाः' (यो कलिमा ज्यू जान बेर छैन !) भन्ने भावनाले लखेट्न थालेको थियो । अनि यो नरसिंह अवतार काव्यको रूप–रेखा कोर्दाखेरि नै यो काव्यमा विषय मात्र क्रान्ति प्रधान लिएर चित्त बुझेन । काव्यको निबन्ध र व्यजना पनि परम्परागत रूपदेखि परिवर्तित गर्ने निधो गरेको थिएँ । एकातिर परम्परागत शिल्पविधामा नयाँ आयाम थपेर नयाँ विम्ब, नयाँ व्यन्जना र नयाँ लयको रचना गर्ने उत्कण्ठा अर्कोतिर चैतन्यका विभिन्न तरेलीमा पुगेर नयाँ परिदर्शन प्रस्तुत गर्ने प्रक्रियाले गर्दा यो 'नरसिंह अवतार' काव्यमा सहस्त्र रूप, ध्वनि, विम्ब र लय जन्मिए । हुन पनि वर्तमान युगमा मानवजाति एकआध मिथकले बाँधिएर सामूहिक सामाजिक भएर बाँच्नुको सट्टा व्यक्ति व्यक्तिले नै भनेजस्तो अलग अलग मिथक खोज्न थालेका छन् । त्यसैले पनि यो मिथकीय अभिव्यन्जना प्रधान रहेको काव्यमा अनेकन मिथकलाई अभिव्यन्जनाको साधना बनाएकोले पनि यत्रतत्र टुक्राटुक्रा टाँसेजस्तो देखापर्छ । वास्तवमा यी विभिन्न रूप, विभिन्न लय, विभिन्न मिथकको विन्यासमा नै काव्यको शिल्प विधा बाँधिएको छ । सर्ग सर्गको टुक्राटाक्रीको समन्वय र विभिन्न रूप तथा लयको टाटा र पाटाले रचेको एक रूपताबारे तेस्रो परिच्छेदमा अलि विस्तारसित लेखौला, यहाँ यति भनेर टुंग्याउँछु – यिनै टुक्राटुक्रीलाई यो काव्यको सर्वाङ्गीक आकृतिमा काव्य शिल्प र लयमा स्वर कौशलले रसाई रसाई जोरेर संरचनात्मक ऐक्य स्थापना गर्न सक्नु नसक्नुमा नै मेरो सफलता आधारित छ ।

यहाँनिर शिल्प र शिल्पीको कुरा धेरै पटक उल्लेख भयो । धेरै जसो कविहरू आफूलाई शिल्पकार भन्न भनाउन चाहन्नन् । स्वत भाव प्रस्फुरण र प्राकृतिक वा स्वाभाविक शैलीबारे निकै डाँडामाथि बसेर कुरा गरेको मैले गण्यमान्य काव्यकारको गोष्ठीमा पनि सुनेको छु । मेहनत गरेर लेखेको पूर्वचिन्तनपछि लेखेको अनि विधा बाँधेर मन्दिर बनाउने शिल्पकारले जस्तो एक एक टुक्रा कुँदेर कप्दै जोडेर तयार गरेको काव्यबारे कतिले कृतिमताको आरोप लगाएको पनि मैले सुनेको छु । झन् हाम्रो आशुकवि परम्परा भएको देशमा र दश दिनमा महाकाव्य लेखेर टुंग्याउने परम्परा भएको साहित्यमा त सामाग्री तयार गरेर मेहनतले लेख्नु कवि र कलाकारको नभई कालिगड, शिल्पकार र पण्डितको काम भनिन पनि बेर छैन । त्यसैले यसबारे दुई चार कुरा बिसाउन चाहन्छु । क्षणिक भाव प्रस्फुरण हुनासाथ या अझ मूडमा आउनासाथ केही पाना कोर्नु या एकआध कविता लेखेर छाड्नु एउटा कुरा हो, त्यस्तै भाव र भावनाको धागोलाई सररर छाडेर लेख्दै



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानु एउटा कुरा हो, काव्यको रचना गर्नु, त्यो पनि प्रबन्ध काव्यको रचना गर्नु अर्कै कुरा हो छापाखाना भए, छापिदिने फेला पर्लान्, लेख्दै जाऊँ, छपाउँदै जाऊँ, अलि नबुझ्ने गरी अलि चाटुकारिता भरेर लेखे पाठक लठ्ठिइहाल्छन् भनेर लेख्ने या रोम्याण्टिक छोटा कविता या निबन्ध वा एक पक्षीय कहानी लेख्नेहरूको बारे मेरो केही भन्नु छैन । यिनले सोचे सम्झेरै यस्तै लेखेका हुन्, राम्रै पनि लेख्न सकिन्छ यस पाराले । तर काव्य लेख्न बसेपछि, आफ्नो पुरुषार्थ नै यही कलमको टुप्पा खियाउने भइसकेपछि सम्पूर्ण शिल्पविधालाई आत्मसात् गरेर लेख्ने प्रयास गर्नुपर्छ । यसले न लेखाइमा कृतिमता आउँछ न शैली भद्दा या नक्कली बन्न जान्छ । आजसम्म प्रशंसा गरिएका गद्य या पद्यका सारा लेखन शैली सप्रयास गरिएका शिल्पविधाका नै प्रयोग परिणाम हुन् कवि शिल्पकारी कति चाँडो गर्न सक्छन् या कति ढिलो त्यो त प्रायश. कविको शब्द भण्डार र व्यक्तिगत व्यजन विशेषतामा निर्भर गर्छ । भद्दा र कृतिम शैली त मैले जानेसम्म लेखकको अभिव्यजना शक्तिको न्यूनता या अलङ्कारमा नअल्झेर बस्ने बानीमा निर्भर गर्छ । मात्र अप्रचलित भयो भनेर कुनै शैलीलाई तिरस्कार गर्नु या खोट लाउनु अक्षम्य भए तापनि यो अपराध गर्न समालोचक छाड्दैनन् । हरेक लेखकको लेखन शैली आफ्नै हुन्छ र मेरो विचारमा व्यक्तिगत शैली सबैको भए पनि काव्यमा काव्यगत शैली एकै कविको पनि फरक फरक हुनुपर्छ ।

शैलीबाटै काव्यकौशलबारे लेख्न थालेपछि यो शब्द 'शैली' बारे पहिले केही लेख्न चाहन्छु । अलङ्कारशास्त्रीहरूले अभिव्यन्जनाको अलंकृत रूप नै कविको शैली हो भनेदेखि घेरैसम्म यसरी नै पुर्पक्ष गर्ने क्रिया चल्यो । अलङ्कार एक एक गरी फुकालेर, रसको विभिन्न पक्ष परगेलेर, कतै ध्वनिको शास्त्रीय अर्थ खोदलेर या कसरी कहाँ कुन वक्रोक्ति पऱ्यो भनेर केलाउने र पुर्पक्ष गर्ने प्रथा निकै रह्यो । यसरी पुर्जा पुर्जा फुकालेर मिसिन जाच्ने पक्षमा म छैन । मेरो विचारमा शैली नै काव्यको स्वरूप हो तथा संरचनात्मक ऐक्य नै मूल आधार हो । त्यसैले कुनै काव्यको पुर्पक्ष गर्दा काव्यका विभिन्न अङ्ग या अलङ्कारलाई काव्यको सर्वाङ्गीण स्वरूपसितको सम्बन्ध र समन्वयलाई ध्यानमा राखेर नै परख्नुपर्छ र काव्यको संरचना (Structure) सँग कुनै पनि उक्ति, भाव, धारणा विम्ब, प्रतीक, मनोमूर्ति, या अन्य अलङ्कार मेल खान्छ खाँदैन तथा कहाँसम्म यी अभिव्यन्जनाले काव्यमा संरचनात्मक ऐक्य समाल्न सक्छन् भनेर नै ठम्याउन खोज्नुपर्छ ।

हरेक कविको लेखाइमा, उसको व्यन्जनामा विशिष्टता हुन्छ, विलक्षणता



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन्छ । यसैलाई कविको शैली भन्ने गरिएको छ । तर कविको उक्ति या लेखाइको विशिष्टताभन्दा पनि उसको अभिव्यन्जना शक्ति या भाव अभिव्यक्तिमा संलग्नता तथा सुबोधगम्यतालाई लिएर नै शैलीको परिलाउन सकिन्छ । व्यक्तिगत शैली-बारे चर्चा गर्न परे यसै गर्नुपर्छ । तर काव्य लेख्दा कवि आफ्नै व्यक्तिगत परिधिमा मात्र बाँधिएर बस्दैन । काव्यगत परिधि या व्यापकतामा पनि कवि पुगेको हुन्छ, काव्यगत शैलीको क्षेत्रमा उभिएको हुन्छ । अनि त्यो फराकिलो आलोकमा पुगे पछि कविको व्यक्तिगत शैली र काव्यको विशेष शैली मिलेर एक नयाँ शैलीको निर्माण हुन्छ । नयाँ शिल्पविधा जन्मिन्छ र क्रमशः बढ्न फैल्न थाल्छ । नरसिंह अवतार' काव्य लेख्दै जाँदा मैले यही अनुभव गरें । आफ्नै शैलीबारे आफैंले भनि-रहनुभन्दा अरूले भनेको राम्रो । यहाँ त्यसैले 'नरसिंह अवतार' को शिल्पविधिका केही पक्ष र काव्यको मूल भाव तथा अभिव्यन्जनासँगको यिनको सम्बन्धबारे केही लेखौं ।

नरसिंह अवतार काव्यको मूल विषय त त्रासन र मोचनको संघर्ष नै हो भन्ने अवसम्म त पाठकले बुझिसके । प्रथम सर्गको स्नायुतन्त्र विक्षिप्त समाजमा सम्भावना मात्र देखिएको कालपुरुषले क्रमशः आफ्नो त्रासनको सेरोफेरो बढाउँदै सर्वत्र ढाक्दै गएको भयानक वातावरण, उसको सबैलाई निमिट्यान्न पारेर मात्र मर्ने संघर्ष अनि मृत्यु, त्यसपछि पुनरूत्थानको वातावरण र उसको लाशलाई कुल्चेर नाच्न थालेको कालभैरव, अर्कोतिर स्पन्दन मात्र बाँकी रहेको, पहिलो सर्गको मुक्तिकामी मानिस संहारको मार खपेर पनि सहस्र रक्तबीज भएर उम्रेको नयाँ छिमल अनि सबैतिर ढाकेर उठेको 'मुक्त मानव जातिको हुरीको गीत', बवन्डर कालपुरुषसँगको संघर्ष र पराजय । तिनै स्वच्छन्द विजेताको सहस्र मुखी विस्फोट र आखिरी अध्यायको रङ्गीन क्रान्ति नृत्य । यही व्यापक अभिव्यन्जनाले नै काव्यको स्वरूप निर्धारण गरेको छ । त्यसैले काव्यगत शैली पनि यही व्यापक र रोषपूर्ण अभिव्यन्जना सुहाउँदो हुनै पर्‍यो ।

अर्कोतिर नरसिंह अवतार लेख्ने बेलासम्म मैले पढ्न, लेख्न र अध्ययन गर्न थालेको दुई दशक भन्दा पनि ज्यादा भइसकेको थियो । फुटकर कविता लेखेर पनि मैले मिथकीय अभिव्यक्तिको गहनता र व्यापकता बुझिसकेको थिएँ । काठमाडौं-को गल्लीको आवाज', 'कान्छी सहर जान्छे', 'गोरुको खप्पर', सूर्य फुट्छ' जस्ता कवितामा मेरो काव्यबोध र कविताको शैलीको सूत्रपात भइसकेको थियो । त्यसै गरी मुक्तक छन्दबारे, वेदको छन्दबारे, काव्यको नयाँ आयामबारे, आधुनिक नेपाली कविताबारे अनि मूर्तिकला र चित्रकलाबारे तथा नृत्यबारे विषयक वा सैद्धान्तिक



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निबन्ध लेखेर एक हिसाबले मैले आफ्नो काव्य कलासम्बन्धी ठम्याउन थालिसकेको थिएँ । यो उमेरसम्म छन्द र संगीतबारे पनि अनेकौं अध्ययन गरिसकेको थिएँ । साँच्चै भनौं भने मैले 'नरसिंह अवतार' को प्रबन्ध पाको भएरै गरें ।

त्यसैले 'नरसिंह अवतार' लेख्दै जाँदा, काव्यको विशेष स्वरूप र मेरो व्यक्तिगत अनुभवजन्य ज्ञानको समन्वयको फलस्वरूप फुटेको शिल्पविधा फैलँदै फुल्दै गयो ।

एकातिर काव्यको विषय मात्र होइन विषय विस्तार पनि व्यापक भएको, अर्कोतिर मैले पनि सर्वत्रको बाह्रसत्तरी कुरा समेटेर मात्र लेख्न थालेकोले यो काव्यमा समय र स्थानको विधा ज्यादै फराकिलो छ । त्राटन र मोचनको कुरा हुँदा यहाँ प्रथम मानवदेखि लिएर आजको संसारको कुना काप्चो पनि छुन पुगेको छ । इतिहासका घटना र विषयलाई छोए पनि मूल विषयको विस्तारलाई ध्वनित गर्न मात्र छोइएको छ । हिजोआजका कैयौं घटना कतिपय समसामयिक व्यवस्था र विधिविधानलाई काँच्चै उठाएर काव्यमा घिसारे पनि यी सबको प्रयोग काव्यगत व्यंग्यविधालाई थाम्न प्रायशः प्रतीक कथाको रूपमा नै भएको छ । नेपालीमा लेखिएकोले नेपालका मेरा पाठकले यो काव्य आद्योपान्त नेपालकै व्यवस्थामाथिको व्यंग्य सम्झिए, रुसी भाषामा लेखिएको भए सायद मलाई त्यहाँबाट देश निकाला गर्ने थिए, पूंजीवादी देशमा भएको भए 'कम्युनिष्ट' को नाम पुर्पुरोमा डामिदिने थिए । त्राटन र मोचनजस्तो विषयलाई ध्वनित गर्दा र स्थानको साँघ्रो खाल्टे दृष्टिकोण अझ गह्रौंउन थालेको राष्ट्रवादी दृष्टिकोण नअपनाएपछि यस्तै विलक्षणता काव्यमा आउँछ । त्यसैले इतिहासका कुनै घटना या कुनै देशको कुनै काण्डको यो काव्यमा उल्लेख हुँदा पाठकले त्यसको ध्वनिलाई काव्यको विषयसँग मिलाउन खोज्नुपर्छ । हो, मैले जानेरै कैयौं देशका कैयौं कालका ऐतिहासिक र कतै कतै किंवदन्तीमा बाँचेको घटनाको प्रयोग गरेको छु । यो सब मेरो व्यंग्य तथा अन्योक्ति प्रयोगका विम्वविधान हो । यो काव्य मान्छेको भएकोले पौराणिक घटनाभन्दा मान्छेकै इतिहासका मार्मिक घटना र विषयको प्रतीकात्मक प्रयोग गरेको हुँ । स्थानको विलक्षण प्रयोगजस्तै समयको बारे पनि साल र घण्टा खल्बलाएरै प्रयोग गरिएको छ । बितेका शताब्दीहरूको वर्तमानत्व र वर्तमानकालको प्राचीनसँगको सम्बन्ध काव्यको प्रायः हरेक सर्गमा उल्लेख छ । यहाँ इतिहासले कविलाई डोऱ्याउनाको सट्टा कविले इतिहासको प्रयोग गरेको छ । त्राटन र मोचन, त्राटक-सँगको संघर्ष यी कुनै विशेष काल या कुनै एक ठाउँका कुरा होइनन् । सार्वत्रिक विषयलाई लिएर लेखिएको यो काव्यमा न स्वर्गको कल्पना छ, न दूधले नुहाउने



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यवस्थाको, न यहाँ विश्वासै छ आदर्श राज्यको, राज्यको शक्ति ओइलाउँदै गएर फस्टाएको समान मानवको । यो काव्य क्रान्तिको प्रयोजनबाट शुरू हुन्छ क्रान्तिकै निरन्तर प्रयोजनको गाना गाउँदै अन्त्य हुन्छ । महाङ्काल या अनन्त नै यो काव्यको अधिष्ठाता देवता हो– सामूहिक मानवको अनन्ता रूप । त्यसैले पनि आजका कैयौं मरेका मानिस र हिजोका कैयौं बौरेकाहरू र भोलिमात्र पालो आउने हाकुचाहरू एकै ठाउँमा भेला हुन्छन् । पाठकले काव्यको क्रान्तिकारी चुरो बुझिदिए यी प्राचीनको अर्वाचीनता र अर्वाचीनको प्राचीनतामा अभिसारित अन्योक्ति बुझ्न गाहारो पर्दैन । कतिपय मनोमूर्ति तथा बिम्बलाई यसैगरी बुझ्नुपर्छ ।

समय र स्थान तत्त्वलाई यसरी पगालेर त्यसै मसीले काव्य लेख्न मलाई तीन कुराले सघायो । पहिलो त काव्य लेख्दाको मेरो शिमलाको तपोभूमि । लक्ष्मीलाई नै हरदम घरभित्र बोलाइरहने परिस्थिति काले र आत्तुरी व्यथा लागेको महानगर बस्नेले समय र स्थान 'तत्व' को स्वाद लिएर उपभोग गर्न सक्तैनन् । मिलियन डालरको हिसाब र उपभोग हामीले बुझ्न नसकेजस्तै आँखाले भ्याएसम्मको क्षितिज र कामको चटारो नगरेको समय, नभोगेकाले बुझ्न सक्तैनन् । यस्तै समय र स्थान अगाध भएको ठाउँमा मेरो 'नरसिंह अवतार' लेखियो । दोस्रो कुरा त्राटन या मोचन विषय नै व्यापक विषय भएकोले र यो काव्यमा त्राटन र मोचनको ओकाइ–फुकाइ र बबन्डर पनि मानिसको 'धी' तत्व या बुद्धिको स्थितिमा नै आधारित रहेकोले पनि समयको रेखा र स्थानको सीमा तोक्न मिलेन । 'धी' तत्त्व पाएर नै मानिस अरू प्राणीभन्दा फरक रह्यो या वानर नर बन्यो । जुन दिन मानिसमा 'धी' तत्त्व जन्मियो त्यो दिनदेखि 'धी' तत्त्वको विकास हुने कुरा नै उठेन । मानिसको बुद्धिमा अनुभवको तल्ला थपिए तर आधारभूत 'धी' को विकास मानिसको शरीरको विकाससँग सम्बन्ध कहिल्यै रहेन । समयको दृष्टिकोणले पनि हामी आजका मानिस आदि जातिका निखार भन्न मिल्दैन । तत्कालीन परिस्थिति सह्याल्ने या त्यो परिस्थितिको सामना गर्ने शक्ति सबै युगका मानिसमा समानै रह्यो । यस्तो विचार भएकोले पनि यो मुक्तिकामी मानवको अवतार काव्यमा समयको रेखा र स्थानको सीमा बाँध्न मिलेन । यो काव्य प्रबन्ध गर्दा मेरो काव्य चेतना तथा बिम्बविधानमा पनि पौराणिक काव्य विधाको प्रशस्त असर परेको थियो ।

पुराणको समष्टिलाई लिएर व्यापकमा व्यक्त गर्ने परम्परा, इतिहासलाई त्रिकाल दृष्टिले नहेरेर अनन्त या महाङ्कालको रूपमा अवलोकन गर्ने दृष्टिकोण एकै मनोरञ्जनको तरेलीमा काव्य लेख्नुको साटो साथसाथै रञ्जना, नीति, कल्याण, दर्शन, मनोविज्ञान, भौतिकज्ञान, विज्ञान, इतिहास आदिको दुई तीन तह मिसाएर



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेख्ने प्रक्रिया, अनि वर्णनात्मक तथा कथनात्मक अभिव्यक्तिलाई मिथकीय अभिव्यक्तिमा ढालेर काव्य रच्ने प्रथा यी सबलाई अँगालेरै मैले यो काव्यको प्रबन्ध गरें। वास्तवमा यो काव्य प्रबन्ध गर्ने बेलासम्म मेरो मनमा एउटा अठोट बसिसकेको थियो– हाम्रो आर्यवर्तको साहित्यमा नयाँ सुनौला जुग फिराउन खोज्ने हो भने यहाँका लेखकहरूले विश्व साहित्यको अध्ययन गर्नाको साथसाथै वैदिक र पौराणिक साहित्यको प्रवाह र अभावलाई समेट्नै पर्छ। हाम्रो जरा त्यहीं छ र जराले रस नखिचेसम्म काव्यहरू ढक्मक्क हुन सक्तैनन्, जडेका पात र टाँसेका फूलले ल्याएको बसन्तमा कोविद्को कलकण्ठ गौरव गुन्जन सक्तैन। जानेर नजानेर, बुझेर नबुझेर जेसुकै गरेर पनि यही दृढविश्वासमा परेर रचिएको यो प्रबन्ध काव्यमाथि लेखिएका पौराणिक साहित्यको लक्षण र लक्षणा नभए पनि नक्कल र देखासिकी खोजे धेरै विम्वविधान, अलङ्कार योजना अन्योक्ति, प्रतीक र मनोमूर्तिको अर्थ लाग्ला।

यहाँ पुराणका यी कुरा गर्दा कसै कसैले स्युस्यु राजाका पालाका कुरा लिएर नै काव्य लेखेको सम्झलान् भन्ने डरले यत्ति कुरा झट्ट बिसाउन चाहन्छु। यो काव्यले ढाकेका सबै क्षेत्र, यसमा उठेका सबै कुरा र परिलगाएको सारा वृत्तान्तको मुहान समसामयिक विश्व तथा व्यवस्थामा नै फेला पर्छन्। यो राजनीति प्रधान काव्य क्रान्ति उन्मुख काव्य, र विरोधपूर्ण अभिव्यक्ति आफ्नो समसामयिक समाज र व्यवस्थाको व्यथा नबोकेर लेख्न सकिने कुरा होइन। साँच्ची नै हाम्रो युग अन्तर्राष्ट्रिय युग हो अन्तर्राष्ट्रिय चेतना र विश्वव्यथा हामी सबैले बोकिसक्यौं। यो काव्य मेरो काव्यात्मक भावनाको साथसाथै मेरो राजनैतिक प्रवृत्तिको साहित्यिक प्रस्फुरण हो। त्यसैले यो काव्य पुराना व्यवस्था, रूढी, परिपाटी, त्रासन, शोषण, अन्याय, अत्याचार माथि प्रहार गर्न मैले मेहनत साथ कमाएको एक अस्त्र पनि हो। यसकारण यो काव्यमा विम्वविधानका अरू प्रयोग भन्दा व्यंग्यको प्रमुख स्थान छ।

नर्सिंह अवतारको अध्ययन गर्नेले काव्यमा प्रधान रस र रस उत्पत्तिको प्रबन्ध या अलङ्कार तथा रीति गुण पहिलाउन खोज्नुको साटो, र काव्यमा आद्योपान्त बहेको रोष, कोप, क्रोध, विद्वेष र विरोधको प्रवाह र त्यसै प्रवाहबाट भुल्का छुटेको व्यंग्यलाई सहानुभूतिपूर्वक बुझ्न खोज्नुपर्छ। व्यंग्यको प्रयोग, यस काव्यमा कसैलाई खिज्याउन या घोचका पेचका गर्नलाई गरिएको छैन। लहडबाजी र हस्सीमजाक पनि मेरो व्यंग्य योजनाको लक्ष होइन। मेरो यस काव्यमा व्यंग्य रचना अन्यायपूर्ण व्यवस्थाको उपहारको रूपमा या अत्याचारीलाई विद्वेष र विरोधको भावनाले प्रहार गर्नुपर्दा, या क्रान्ति पुरुषको चीत्कारको रूपमा प्रयोग भएका छन्। सबै ठाउँमा व्यंग्य उदार र विरोधको विस्फोटकै रूपमा प्रयोग गरिए तापनि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कैयौं अवस्थामा व्यंग्य प्रयोग नीतिपरक तथा सुधारवादी रूपमा भएको छ। व्यवस्था र व्यक्तिमाथिको विद्वेषको अन्तरप्रवाहको सतहमा फुटेका र उठेका यी व्यंग्य विधानको उच्छालमा पाठकले लेखकको व्यक्तिपरक तथा काव्यगत शैलीको समन्वय फेला पार्न खोजे सम्पूर्ण काव्यको संरचनात्मक ऐक्य बुझ्न गाहारो पर्दैन।

व्यंग्य रचनामा मैले विभिन्न काव्य शिल्पको प्रयोग गरेको छु। अन्योक्ति, प्रतीककथा र रूपक कथाको प्रयोग छचास्छचास्ती भएका छन्। तर धेरै ठाउँमा समकालीन घटना, या घटनाको उल्लेखसम्म, या कुनै ऐतिहासिक काण्डको ध्वन्यात्मक संकेतको सोझै गरेर व्यंग्य विधान पूरा गरिएको छ। ऐतिहासिक घटना या काण्डको या व्यक्तिकै पनि उल्लेख गर्दा समसामयिक घटना या परिस्थितिसँग ध्वनित हुने गरी गरिएकोले यिनको ऐतिहासिक पक्ष भन्दा वर्तमानत्वकै महत्व आभासित भएका छन्। सर्गैपिच्छे क्रान्ति र क्रान्तिकारी सहस्र जनताको बोलचाल या आवाजले सडक खचाखच भएको छ। यो करोडौं सहरिया, गाउँलेको कोरा कोकाली बोलीहरू र आवाजहरू कैयौं ठाउँमा काँचै प्रयोग गरिएका छन्। यी बोली उद्धारलाई काव्यगत गर्दा ठाडो बोली र सरल कथन पनि व्यंग्य रचनाको अमूल्य साधन बनेका छन्। मुठ्ठाका मुठ्ठा यंग्यको कुचोले बढारेको सौन्दर्य आलोक र संगीत नै नरसिंह अवतारको प्रमुख शिल्पविद्या हो।

यो काव्यको शिल्पविद्या तथा विम्बविधान बुझ्न खोज्नेले मेरो 'मिथक र साहित्य' (रूप रेखा अङ्क १८०) शीर्षक निबन्ध पढ्न लाभदायक हुनेछ। यो निबन्ध, मैले आफ्नो काव्य प्रबन्ध गर्नकै लागि लेखेको सिद्धान्त लेख हो। यो नरसिंह अवतार काव्य पनि मानिसको स्वाभाविक चित्त वृत्ति तथा दमित इच्छा र त्रासद्वारा प्रेरित द्वन्द्वभावको अभिव्यंजना हो। त्यसैले सारा काव्यमा वर्णनात्मक र कथनात्मक अभिव्यक्तिभन्दा मिथकीय अभिव्यक्ति नै प्रधान छ। वर्णनात्मक र कथनात्मक अभिव्यंजना प्रयोग गरिएको ठाउँमा पनि मिथकीय विम्बविधान या अभिव्यंजनालाई सघाउन नै प्रयोग गरिएका छन्। यसको विस्तार तृतीय खण्डमा गरौंला।

यो मिथकीय अभिव्यक्तिको प्रक्रियाले सारा व्यंजनामा प्रभाव पारेकोले कुनै विषय, परिस्थिति या वस्तुको वर्णन गर्दा मैले आज ग्रहण गर्ने या तात्त्विक पक्षलाई नै समातेर काव्यसात गर्ने प्रक्रिया यो काव्यमा प्रशस्त गरेको छु। यो काव्यको नायब 'मानिस' कै बारेमा हेरौं। यहाँ कुनै पुरुष विशेषको वर्णनको साटो युग मानिसको तात्त्विक शक्ति या ओजलाई ग्रहण गरेर लेख्ने क्रम अपनाएको छु। 'मानिस रङ्ग', 'मानिस गन्ध', 'मानिस उर्लन" 'मानिस विस्फोटन', 'मानिस



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदय', यी सब बोधगम्य र अनुभवजन्य कुरा हुन् । यसलाई अर्थ्याएर केलाउन लागे खोस्टै खोस्टा मात्र थुप्रिन्छ तत्त्व फेला पर्दैन । त्यसै गरी यो काव्यमा 'पञ्चरितव.' पाँचै ऋतुको व्यंजनात्मक प्रयोग भएका छन् । तर ऋतु वर्णन या ऋतु विचार भन्दा ऋतुको तात्त्विक शक्ति त्यो पनि मानव जीवन र मेरो मिथकीय अभिव्यंजनाभित्र समावेश भएको नौलो पक्ष नै प्रस्तुत गरिएका छन् । यसको विस्तार अन्यत्र गरौंला । यहाँ यत्ति नै भन्न चाहन्छु कि ऋतु ऋतुको तात्त्विक शक्तिलाई लिएर मिथकीय अभिव्यंजनाको प्रयोग गर्दा पनि काव्यगत विषय र विषय विस्तारलाई नै प्रधान मानेर विम्बविधानको योजना गरिएको छ । ऋतुको माधुर्य या कठोरताको वर्णनमा लागेर यी वर्णनकै अलङ्कार योजनाले काव्य सिंगार्नपट्टि लागेको छैन ।

मिथकीय अभिव्यंजनाको व्यंजना यो काव्यमा एकै प्रकारले गरिएको छैन । यसको विभिन्न प्रयोग काव्यमा शिल्पविधाको एक प्रमुख पक्ष बनेको छ । ज्यादा-जसो वर्तमान व्यवस्था, समसामयिक घटना र मेरै सेरोफेरोका विषयलाई मिथकको रूप दिने प्रयास गरेको छु । तर ठाउँठाउँमा काल्पनिक विषय या घटना या स्वप्न चित्रको तरंगी मिथकको पनि प्रयोग गरेको छु, यस्तो प्रयोग गर्दा परम्परागत या रूढीपूर्ण विषय या वस्तुलाई लिएर लेखिए तापनि यी सारा मिथक समसामयिक घटना या चिन्तनसँग ध्वनित हुने गरेर मात्र प्रयोग गरेको छु । यस्तो प्रयोग गर्दा परम्परागत या रुढीपूर्ण विषय या वस्तुलाई लिएर लेखिए तापनि यी सारा मिथक समसामयिक घटना या चिन्तनसँग ध्वनित हुने गरेर मात्र प्रयोग गरेको छु । पौराणिक सन्दर्भ या प्रसंगका मिथकलाई ज्यादा प्रयोग नगरे तापनि दशावतार कथाका प्रसङ्ग ठाउँठाउँमा प्रयोग गरिएकोछ । सायद पाठकलाई यो प्रसङ्ग ज्यादै दोहोरिएको लाग्ला । यसबारे दुइटा कुरा बिसाउँछु । प्रथम खण्डमा उल्लेख गरे जस्तै पौराणिकबाट समसामयिकिमा कुरा जोर्ने प्रक्रियाको लागि मैले दशावतार कथाका त्राटन पक्ष, मोचन पक्ष र सङ्घर्ष पक्षलाई नै प्रयोग गरेको छु । यसद्वारा काव्यको संरचनात्मक ऐक्य सम्हाल्न ज्यादै मद्दत भएको छ । अर्को कुरा दश अवतार कथाको रङ्गीन कथाहरूको अन्याय, अनाचार, अत्याचार, अनीति ताड्न गरिएका प्रयास सो काव्यको मूलभावसँग निकै मेल खाने हुँदा ती कथानकको टुकाटुकीलाई लिएर समसामयिक या काव्यगत विषयको प्रतीक कथा या रूपक कथा बनाउने शिल्पविधा मलाई प्रभावकारी लाग्यो । हरेक सर्ग र कुनै कुनै सर्गमा पटक पटक यसको प्रयोग भए तापनि हरेक ठाउँको प्रयोजन र प्रयोग फरकै छ । तर यो काव्य पढ्नेले भने दश अवतार कथा संक्षेपमा जान्नु नै लाभदायक हुन्छ । हरेक कथाको



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकाध पृष्ठ रूपरेखासम्म बुझे पर्याप्त हुन्छ । मेरो नेपालका पाठकहरूले त मूर्ति, दन्त्यकथा या आक्कलझुक्कल पढाइद्वारा पनि सुने बुझेकै हुन्छन् भन्ने लाग्छ ।

यति व्याख्यापछि मेरो विम्वविधान, मनोमूर्ति या प्रतीक र रूपकको प्रयोगबारे पाठकलाई बुझ्न गाहारो परोइन । तर यहां अन्त्यमा 'रीति र अलङ्कार-लाई कुन दृष्टिले हेर्नु ? यसबारे लेख्न चाहन्छु । कविले आफ्नो विम्वविधानमा प्रयोग गरेका मनोमूर्ति, उपमा, प्रतीक, रूपक आदिलाई काव्यशास्त्र या सिद्धान्तले झुत्रो पारिसकेको एकोहरो दृष्टिले परख्ने प्रचलन ज्यादा छ । आज पण्डितकालको साहित्य र शास्त्रीय युगको समालोचनाजस्तो स्थैतिक सिद्धान्तमा आधारित लेखन प्रणालीलाई प्रावैधिक प्रतिभा ज्ञानको प्रयोगले उछिनिसक्यो । यो उड्ने युगसँगै काव्यको क्षेत्रमा पनि गतिको तीव्रता आएकोले निरन्तर नयाँ प्रयोग र नयाँ आविष्कार गर्ने जमर्को हामी सबैमा आइसक्यो । त्यसैले पाठकको दृष्टिकोण पुरानै रह्यो भने नयाँ प्रयोग पनि काव्यको अन्तर रूप माथि सजाउन टाँसेका गहनागुरिया जस्तो कृत्रिम लाग्नेछ । मेरो काव्यमा पनि विम्वविधानलाई तर्क, सिद्धान्त र युक्तियुक्त पूर्णताको दृष्टिले अर्थ्याउन खोजे बुझ्न र ठम्याउनै गाहारो पर्छ । विम्वविधानको क्रम विकास क्रमशः उपमा उपमेयको सम्बन्धलाई पार गरेर काव्यबोधको र अभिव्यन्जनाको संरचनात्मक स्वरूप रचेको प्रक्रिया बुझ्न सके मैले प्रयोग गरेका भिन्न भिन्न रूप र रङ्गका मनोमूर्ति तथा रूपक कथा बुझेर स्वाद लिन सकिन्छ । यसै दृष्टिले हेर्न खोजेमा मात्र मेरो विम्वविधान तथा एउटा नसकिंदै अर्को अर्को गरी थपिंदै र खातलाग्दै गएका मनोमूर्ति, तथा ताँति लाग्दै गएका रूपक कथा ठम्याउनै नसकिने भद्रगोल लाग्नको सट्टा चाँड्चाँडै तथा निरन्तर प्रष्टिदै गएको काव्य आलोक सिद्ध हुनेछ । त्यसैले काव्यको थालनी र बिस्याउनी यस्तै शिल्पविधाले गरेको छु ।

व्यक्तिगत र काव्यगत विषय, भावना, र शैलीले नै अभिव्यन्जनाको शब्द प्रयोग र भाषा धेरै हदसम्म निर्धारण गर्छ । तर काव्यको भाषा र छन्दमा कविको भाषा ज्ञान र छन्दप्रतिको भावना तथा छन्द र संगीतको ज्ञानको निकै प्रभाव पर्दोरहेछ । धेरै ठाउँ भनिसकें यो 'नरसिंह अवतार' काव्यको प्रवन्धबारे । काव्यको मूल विषय निर्धारण गरी सर्ग सर्गको रूप–रेखा कोरिसकेपछि हरेक सर्गको परिदर्शनतिर 'ध्यान' गयो । सर्ग र सर्गभित्रका विभिन्न झिल्काहरू । अनि अभिव्यंजनाको शैली र भाषाको साथसाथै छन्दको विचार गर्न लागे । 'वेद–छन्द र मुक्तक छन्द' भन्ने मेरो सैद्धान्तिक निवन्ध (दश दृष्टिकोण पृष्ठ) ले मेरो मनमा छन्द र संगीतबारे निकै धारणा बसालेको भए पनि मेरो कान आधुनिक संगीतप्रति



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकै जागरूक रह्यो । यहाँ शिमलामा बस्दाबस्दै बिलायत खाँ, अमजद खाँ आदि-सँगको हेमचिमले गर्दा र पाश्चात्य संगीतकारको अर्केष्टा सुन्ने मौका युरोप र अमेरिका भ्रमणमा निकै पाएकोले संगीतबारे मेरो ज्ञान साहित्य र कलामा भन्दा ज्यादै कम भए पनि जिज्ञासा सधै रह्यो । ज्ञानभन्दा जिज्ञासा बलियो हुँदो रहेछ त्यसैले होला यो संगीत पक्षको मेरो मनोग्रन्थिको हीनभावले हो मैले 'नर्सिंह अवतार' को प्रबन्ध रचना गर्दा पनि अनि काव्य लेख्ने बेला पनि कुनै न कुनै रेकर्ड बजाएर, संगीतको धुनको गमकमा बसेर लेखें । त्यसैले 'नर्सिंह अवतार' पूर्णतया श्रव्य बन्यो । नभटचाइकन पढ्नेले काव्यको पूरा रस प्यून त परै जाओस्, पूरा अर्थ पनि बुझ्न सक्तैनन् ।

सर्गको मूल विषय र प्रसङ्ग टुंगो लाग्नासाथ सर्गको यो सर्गभित्रका विभिन्न छिल्का या उपसर्ग (?) को संगीत विषय या विषयधुन प्रसङ्ग विचार गरेर खोज्न थाल्ने प्रक्रिया मैले अपनाएको थिएँ । अनि छन्द या संगीत या लय निर्धारण गर्न म रेकर्ड बजाएर आफ्नो मनको स्वरभावना जागृत गर्न लाग्दथें, कहिले संगीतकारकै लय, ताल र मात्रा समातेर काव्यरूपको सामग्री बटुल्न लाग्थे, कहिले भने सडकमा या कारखानामा या खेत खलिहानमा सुनेको स्वरले पनि छन्द निर्धारण गर्न मद्दत गर्थ्यो, कतैकतै सिनेमाका संगीत (गीत गाना मात्र होइन) या स्वरले मलाई लक्ष्यतिर पुऱ्याउँथ्यो । हरेक सर्ग, हरेक कविता खण्डको स्वरध्वनि या छन्दका सामग्री यसै गरी खोजेपछि लयात्मक काव्य लेख्न सुरू गर्थें । छन्द या काव्य संगीतको रचना गर्दा वेदका ऋचा र वार्णिक छन्द अनि लोक गीतको स्वर र छन्दले पनि मलाई प्रेरणा दिए ।

साँचै भनौं भने यो छन्द रचना र प्रयोगको क्षेत्रमा हाम्रो छिमल अत्यन्त भाग्यशाली भएजस्तो लाग्छ । साहित्यको इतिहासमा सधै यस्तो हुँदैन । छन्द रचना सधै काव्यकारले गर्न पर्दैन, छन्दशास्त्रको आधारमा छन्द प्रयोग गरेर लेख्ने सुख पहिले पाइआएकै कुरा हो । वेदका ऋचाहरू रच्ने ऋषिहरूले आफूले देखेको परिदर्शनलाई स्वरजन्य कम्पनद्वारा मन्त्रदर्शन गर्ने गराउने प्रक्रिया अपनाउँदा धेरै छन्द रच्ने आवश्यकता र अवकाश पाएका थिए ।

तस्माद्यज्ञात्सर्वहुत ऋचः सामानि जज्ञिरे ।
छदांसि जज्ञिरे तस्माद् यजुस्तस्यादजायत ।।
सम्पूर्ण आहुतिबाट ऋचा साम प्रकट भए ।
त्यसरी नै जन्मिए छन्द मन्त्र त्यै गरि जन्मिए ।



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपरोक्त ऋचा तल्लीन भएर छन्दका सृष्टि गर्ने वैदिक प्रणालीको एक उदाहरण हो ।

यस्तै ऐतिहासिक मोडमा हामी पुग्यौं । वार्णिक छन्द, महान छन्दशास्त्री पिंगलको छन्दशास्त्र र वार्णिक र मात्रिक छन्दका संध्वन्यात्मक (harmonic) प्रयोग, समान तान या गण-मात्राको आधार या समितीय (symmetrical) स्वरसंघात (chord relations)या काव्य रच्ने बेला गयो । स्थैतिक सिद्धान्तको आधारमा युगले गर्दा खल्बलियो । महर्षि बाल्मीकिले प्रख्यात कथानात्मक काव्य रामायण रच्दा अनुष्टुप् छन्दका नयाँ लयात्मक प्रयोग गरेजस्तै नौलो किसिमको प्रबन्ध काव्य लेख्दा विषय र अभिव्यन्जना खुल्दो छन्द खोज्न वाध्य भएँ । मेरो अघिकाले र मेरासाथकाले पनि यो दिशातिर चारैतिर प्रयास र प्रयोग गरेको बेला थियो । महाकवि देवकोटा र बालकृष्ण समले पनि छन्द प्रयोगका नयाँ सम्भावना खोजेका थिए । मात्रिक छन्दको प्रयोगद्वारा पहिले वार्णिक छन्दको गणमात्राको स्थैतिक सिद्धान्तबाट अलि फुत्किने प्रयास गरे । अनि मात्रिक छन्दमा पनि संध्वन्यात्मक सामञ्जस्यका संमितीय दोहोराइ या पठनपाठनलाई नाघ्न मात्रिक छन्दमा नै आधारित लोकगीतको संगीतात्मकतालाई अँगाल्न पुगें । 'मुनामदन' को असारे झ्याउरेले पनि लयात्मक बहुसुरता (rythmic polyphony) को खाँचो पूरा हुन नसकेर 'लूनी' र 'कुञ्जिनी' लेखे । तर बहुसुरता र स्वरान्तराल (polyphony & intervallic construction)को लयात्मकता खोज्न मुक्तक छन्दको आश्रयमा नै जान पऱ्यो । यही बहुसुरता र स्वरान्तरालको प्रयोगद्वारा नै गुरु उच्चारण र श्लोक बहुविश्रामको समान स्वर सामाञ्जस्यलाई प्रतिस्थापन गरेर स्वरसंघात र तालमालको सम्भावनाको नयाँ प्रयोग गर्न मेरा छिमलका कैयौं कविहरू लागे । दोस्रो महायुद्ध र त्यसपछिको स्थितिले पनि ल्याएको व्यापक अन्तर्राष्ट्रिय परिवर्तन र आन्दोलनले गर्दा यो परिवर्तनात्मक छन्द शैली सर्वत्र फस्टायो ।

यस मोडमा म नेपाली प्रबन्धकाल लेख्न पुगें । भावुकउदार र स्वच्छन्द काव्य रचना एउटा कुरा प्रबन्ध काव्य रचना अर्कै कुरा हो । अभिव्यन्जना र विम्बविधानमाजस्तै स्वरसाधना र छन्द प्रयोगमा पनि प्रबन्ध काव्य लेख्न बस्नेले संरचनाको व्यापक प्रबन्ध तथा सर्वाङ्गीण ऐक्यको ख्याल राख्नुपर्छ । झन चिन्तन र समालोचनाको केही अनुशासनमा परिसकेकोले मैले छन्द रचना र प्रयोगमा भावुक आवेग भन्दा सचेतन सङ्गतिको बाटो समाएँ । त्यसैले मुक्त अभिव्यन्जना र तीव्र गतिको दृष्ठिकोणले, या काव्यमा मेरो कवितामा लयात्मक कविताको प्रखर



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रवाह फेला परे पनि मैले लयात्मक काव्यप्रणाली या प्रयोगको कतिपय मान्यतालाई लछारपछार गर्न र नयाँ संध्वन्यात्मक संरचनालाई जन्म दिन खोजेको छु ।

लय र मूर्च्छनाका नयाँ सम्भावना सर्वत्र खोजे पनि संध्वनिको समताल या एकोहोरो स्वरान्तराललाई प्रयोग गर्न छाडेको छु । धेरै ठाउँमा स्वरको समितीय (सिमेट्रिकल) धुनको भान परे पनि यो समान मिति या मात्रामा भन्दा यात्रा र गणका नयाँ संमिश्रणमा नै आधारित छन् । गुरु उच्चारणको स्वराघात (वेदको प्रतिशाख्य र तानको सामञ्जस्यलाई छन्दको बहुमुखता या उपजातीय प्रयोगद्वारा स्थानान्तर गर्ने प्रयास गरेको छु । यसो गर्दा समान मात्रा र समान 'सम'(संगीतको) या तालको पुनरावृत्तिको नियान्त्रोपना पन्छाउन सकिन्छ भन्ने मेरो अनुभव छ ।

संध्वन्यात्मक संगीत संमितीय मात्राका छन्दको पारम्परिक प्रयोगको स्वाद आजका हामीलाई मन नपर्ने भइसक्यो । संध्वनिमा नै नयाँ सम्भावना खोज्नु (चाहे समान मात्रा लोकगीत छन्दमा नै होस्) मलाई निरर्थक लाग्छ । मान्छे जातको एउटा प्रवृत्ति ख्याल आउँछ । आफ्नो लगत्तै अघिको छिमल भन्दा पुराना छिमल र तिनका पुरुषार्थले हामीलाई ज्यादा आकर्षण गर्छ । टाढाबाट हेरेर होला, तिनका पुरुषार्थ र प्राचीनत्व (एनटिक्विटि) को जादुले मान्छेलाई आकर्षण गर्छ—रमणीय लाग्छ । माघको क्षणे क्षणे यन्नवतामुपैति तदेवरूपम् रमणीय तायां' (घडी घडी लाग्छ नयाँ सदाजन तिनै कुरा हुन् रमणीय भन्नु) यसै मानव प्रकृतिलाई बुझेर लेखेका सिलोक त होइन ? त्यसैले होला मेरो मनलाई पनि सम-ध्वन्यात्मक छन्दको युग भन्दा पहिलेको छन्द प्रक्रियाले खिचेको । लय, लयात्मक बहुसुरता या सहस्र ध्वनि संचार, रागात्मक या स्वर अन्तरालमय छन्द रचना, स्थायी अन्तरालको स्वरभङ्गी प्रयोग, यिनै सामग्री बटुलेर नयाँ छन्द रचनाको सम्भावना आविष्कार गर्ने बेला आयो भनेर नै नरसिंह अवतार काव्यमा मैले छन्दको विभिन्न प्रयोग गरेको । सहस्र सुर, ताल, ध्वनि-र छन्दको प्रयोग प्रबन्ध काव्यमा गर्ने निर्देशन त काव्यशास्त्रमा प्रशस्त पाइन्छ । हैन र ?

आजका अभिनव छन्द परिवर्तनवारे त केही पछि चर्चा गरौंला सम-ध्वन्यात्मक छन्दको युगभन्दा पहिलेको युगको आकर्षण र ती छन्द प्रयोगको मेरो काव्यमा परेको प्रभाववारे केही भनौं । हामी भाग्यमानी छिमलका कवि भनेर मैले अघि भनेको केवल छन्द रचनाको प्रयोजन र सम्भावना हाम्रो खुट्किलामा पुगेर भेट्टियो भनेर मात्र होइन । साधन पनि हामीलाई उत्तिकै जुध्यो । रेडियो, टेलिभिजन, ट्रान्जिस्टर, टेप रेकर्ड, रेकर्ड प्लेयर सारासे हाम्रो दैनिक जीवनमा संगीतै संगीत भरिदियो । आज चाहेमा बाथरूममा बिसमिल्ला खाँको सहनाई या वागनरको अर्केष्टा सुन्न



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सकिन्छ । यस्तै मौकाले गर्दा वेदध्वनि, त्यो पनि आर्यावर्तका सिद्ध सामवेदीको स्वरमा सुन्ने र जहिले चाहे पनि टेप बजाएर सुन्ने मौका मैले पाएँ । त्यो स्वरजन्य कम्पनले मन्त्र दर्शन गर्ने र स्वरको स्वरूपलाई श्रुति र स्मृतिमा साँच्ने काव्ययुगको उच्चारणले कुन कविको मनमा प्रभाव पारोइन । प्रभावभन्दा पनि वेदको श्रवण र कनिकुथी तर चाख लिएर पठनपाठनले मनको बाँध त भत्काइहाल्छ अनि मनको मूल पनि फुटिहाल्छ । त्यस्तै अ स्थामा बटुलेको स्वर स्वरूप मेरो अभिव्यन्जनाको साध्य बनेको छ । यस्तो प्रयोग यो काव्यमा धेरै ठाउँमा नभए पनि कति पटक स्वर रचना ठम्याउनै नसकेर अन्योलमा परेको बेला ऋचा सुनेर या पढेर मेरो मन विमूढतावाट सक्रिय मुडमा आएकोछ । वैदिक स्वर उच्चारणले आफ्नै नयाँ समिति रचना गर्ने प्रथा, अनि स्वरान्तरालको विन्यास र स्थायी अन्तरालको प्रतिशाख्य प्रयोगले मलाई बारम्बार प्रभावित गरेको छ । तर नरसिंह अवतार काव्यमा मैले यी सबको अद्यौंजी प्रयोग गरेको छैन । स्वर र उच्चारणको धारावाहिक प्रयोग गरेर सप्रवाह छन्द रचनामा भने मैले वैदिक उच्चारण सुनेर र पढेर लाभ उठाएको छु ।

यसै काव्यमा कतैकतै वार्णिक र मात्रिक छन्दको पनि प्रयोग भएको छ । यो पढेर एक छन्दवेत्ता समालोचकले मलाई 'वार्णिक छन्द जान्न नसकेर र खाम्न नसकेर प्रयोग गरेको' अभियोग लगाएकाछन् । हो, म स्वल्पवेत्ताले पिङ्गलशास्त्र कसरी जान्नु ? यो त संस्कृतवाजेको अपुताली होला । तर छन्दशास्त्र रचयिता पिंगलमाथि मेरो एकलव्य भक्ति सधैं रह्यो । कहिले त उनको कीर्ति पढ्न खोज्दा त्यत्रो विद्वता र निरूपण देखेर चकित हुन्छु ती पूज्यपाद साहित्यशास्त्री पाउनै संस्कृत कविहरू कस्तो भाग्यमानी भन्ने लाग्छ । हाम्रो छुच्चा मखमली गमक भएका आलोचक सम्झेर ग्लानी उठ्छ । पिंगलको छन्दशास्त्रलाई अब दराजमा नै थन्क्याउनुपर्छ भन्ने मेरा समकालीन धेरै छन् । मैले पनि नयाँ छन्द रचना र स्वरविधानको अध्याय सुरू गरिसकेको छु । तर वार्णिक छन्द, दसौं शताब्दी काव्यकारको लागि उद्दीपन बनेको वार्णिक छन्दलाई चटक्कै पन्छाएर टन्टा नै छाड्ने पक्षमा म शामेल हुन सकिन । सहस्र वार्णिक छन्द र त्यसमा पनि शार्दूलविक्रीडित, मालिनी स्रग्धरा, तोटक, वसन्ततिलिका, अनुष्टुप आदि हाम्रो चारैतिर गुन्जने र अपूर्व संगीतात्मकता भएकालाई रछानमा मिल्काउन मलाई मन लागेन । अनि छन्दको मात्रा र गणको स्थैतिक सिद्धान्तलाई बिर्सेर तात्त्विक संगीतात्मकता पैल्याउन खोजें । गणको समितीय तान र एकै तालमा दोहोरिने स्वरसंघात (chord relation) लाई खल्वलाउने प्रयास गरें । अनि आफ्नो भावोद्वेग र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बहुसुरतासँग मिल्ने गरी पृथकपृथक छन्दको गणको संश्वन्यात्मक बृद्धिलाई आफ्नो अभिव्यन्जना गतिसँगै टुक्राएर या दोहोराएर यो पूरा पाउ नै पूरा गरेर या पाउको बीचमा नै काटेर अर्कै छन्दको पाउको टुक्रा जोरेर अनि अन्तरालको नयाँ संरचना गर्दै आफ्नो बहको बहुसुरता पोखेर छन्दलाई गत्यात्मक चालमा नचाउन लागें। वार्णिक छन्द जान्नेले पनि यो उनै छन्दका नयाँ सन्तानलाई चिनेनन्। अनि वागव्रज्र प्रहार गर्न लागें। तर वागीश्वरीलाई साध्ने कविलाई यसको के असर। घत पुऱ्याएर पिङ्गलका अमूल्य छन्दहरूको नयाँ प्रयोग गर्न अझै पाएको छैन। यहाँनिर यो 'नरसिंह अवतार' मा यी वार्णिक छन्दको प्रयोग गर्दा मैले एउटा भूल गरेजस्तो लाग्छ। व्याकरण र नेपाली भाषाको वैयाकर्णिक प्रयोग मैले राम्ररी सिक्न पाइनँ। चर्चिलजस्तै स्कूलमा दुई तीन पटक फेल भएको भए र हाम्रो नेपालमा ग्रामर स्कूलको प्रणाली भएको भए भाग्य खुल्थ्यो। त्यसो भएन। व्याकरण भाषालाई बिलखबन्दमा पर्न नदिने ज्ञान हो भनेर मैले मेरो काव्यको व्याकरण शुद्धि मेरो समकालीन, भिन्न तथा व्याकरण जान्ने डा० ईश्वर बरालजीलाई व्याकरण भरसक शुद्ध गरिदिनुहोस् भनेर शुद्ध गराएँ। तर यो वार्णिक छन्दको प्रयोग भएका टुक्राहरूमा अपि मात्रं मात्रं कुर्यात्तं छन्दो भङ्ग न कान्येत' भन्ने उक्ति बिर्सेर नाश पारें। दोस्रो संस्करणमा यो भूल सच्याउन पर्ला। यो वार्णिक छन्दको प्रयोगमा संश्वन्यात्मक संरचनाको पुनरावृत्ति भएको भान परे तापनि मात्रा र गणको स्वर संघात (chordrelations) र ताल मानको संमिति (symmetry) बदलेर बहुसुरताको लकात्मक अभिव्यन्जनाको रूपमा प्रयोग गरेकोले संश्वनिको स्वराघात परम्परागत ताल र स्वरदेखि फरक छ। यो काव्यमा प्रयोग भएको लोकगीत छन्दमा पनि यस्तै प्रयोग गरिएको छ। लोकगीत छन्दको मात्रा संमिश्रण र लयका टुक्राहरूको पुनरोक्तिले स्वराघात (pitch) दोहोराएर नयाँ मात्रा पक्डेर गीतको पाउ पूरा गर्ने शिल्प एकसुरतालाई बहुसुरताले स्थानान्तर गर्ने उद्देश्यले गरिएका छन्। लोकगीतको प्रयोग यत्रतत्र या जथाभावी गरिएको छैन। नौलो छिमल र नयाँ वर्गको आगमनको प्रसङ्गमा मात्र प्रयोग भएको छ।

सर्ग सर्गमा र टुक्राटुक्रामा प्रयोग गरिएको मुक्तक छन्दबारे त्यही त्यही सर्गकोबारे लेख्दा भनौंला यहाँ यो 'चम्पू' काव्य भन्ने धेरैले गरेका निर्णयबारे केही भन्नुपर्ला। पद्य र गद्य मिसिएको काव्यलाई चम्पू भनिन्छ भन्ने काव्यशास्त्रको भनाइलाई समातेर यो नरसिंह अवतारलाई चम्पूकाव्य भनेका छन्। गद्य र पद्य मिसाएर काव्य लेख्नमा केही आपत्ति नदेखे पनि यो 'नरसिंह अवतार' काव्यमा गद्यको प्रयोग भने कतै छैन। गद्य र पद्यलाई छपाइको र लेखाइको रूपले मात्र



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छुटचाउन खोज्नु अनर्थ हो । गद्य कविता लेख्ने परम्परा पनि त अब पुरानै भइसक्यो । त्यसैले गद्य र पद्यको वर्गीकरण गर्नु परे काव्यको लयात्मकता र भावको आसविकरण तथा अभिव्यन्जनाको तीव्रतालाई सोचेर नै गर्नुपर्छ । 'नरसिंह अवतार' का गद्यजस्तो छपाइमा देखिने पानाका पाना लयात्मकता कुनै पद्यमाभन्दा कम छैन, झन् अभिव्यन्जनाको अलङ्कार योजना, शब्द विन्यास र सम्वेदनशीलतामा गद्यको होइन कविताको शिल्पता र तीव्रता छ । यो काव्य छन्दोमय काव्य हो ।

मनको भावको उद्वेगले नै लय या छन्दको मुक्त निर्धारण गर्छ या लेख्दै जाँदा जुन लय बन्न जान्छ जुन ताल बस्न जान्छ त्यही मुक्तक छन्द हो भन्ने भनाइ मेरो शास्त्रीय चिन्तनमा ठ्याम्म मिल्न सक्तैन । लयको प्रसङ्गमा तालताई पनि समेट्न मिल्छ भने, यही तालको नियन्त्रण नै मेरो मुक्तक छन्द प्रयोगको प्रक्रिया हो । लयको यही स्पन्दनलाई नियन्त्रण गरेर तालको या उच्चारणको गतिलाई आवश्यक तालमानमा तीव्र या मन्द गराएर आफ्नो भावलाई स्वरविधामा बाँध्नु नै छन्दको अभिनव पनिवर्तनको आधार हो । यही स्वराघातको नियन्त्रण, सहस्त्र ध्वनिको उच्चारण र स्वरान्तरालको संरचनामा मैले काव्यको अभिव्यन्जना अनुकूल छन्द रचेर प्रयोगको गरेको छु । काव्यको सर्वाङ्गीण संरचनासँग मेल खाने र संरचनात्मक ऐक्यलाई बलियो गरी बाझ्न उपयोगी छन्द नै प्रयोग भएको छ । विभिन्न छन्द स्वरूप गरेर काव्यलाई छन्दको प्रदर्शनी मैदान बनाउने रत्तिभर पनि मैले चिताएको छैन । त्यसैले छन्दको विभिन्न प्रयोगको विचार गर्दा काव्यको विषय र अभिव्यन्जनासँग प्रयोग गरिएको छन्दको सम्बन्धबारे सोच्नै पछ । अनि मात्र यत्रा विघ्न छन्द, तिनको लय र संगीतको प्रासंगिकता प्रष्ट हुन्छ ।

छन्द र संगीतको यत्रो परिपाटीबारे लेखिसकेपछि शब्दबारे पनि केही भनौं । काव्यको प्रासंगिक विषयको अभिव्यक्ति र शिल्पयोजनाको आवश्यकताले शब्द योजना निर्धारण गरे पनि आखिर कविको शब्द भण्डार र शब्द चयनको व्यक्तिगत विशिष्टताको पनि शब्द प्रयोगमा प्रभाव पर्छ । मैले उपयुक्त ठानेको शब्द फेलापरे निःसंकोच प्रयोग गर्ने गरेको छु । मानसिक या पूर्वाग्रह प्रेरित मानसिक अवरोधनमा अल्झेर कनिकुथी गर्ने म गर्दिन । संस्कृत आमाको गहना बोक्नै नसक्ने गरी लाद्ने मेरो बानी छैन न कविता दौडाउन संस्कृत शब्द क्रिया कारक समास गाँसेर खाप्ने मेरो शैली । संस्कृत शब्द मैले प्रशस्त प्रयोग गरेको छु तर प्रसङ्गले खटाएका शब्दहरू नै ज्यादा प्रयोग भएका छन् । कहीं कहीं प्रसङ्ग र स्वर विधाले बाध्य गराएर मैले गाहारो संयुक्त संस्कृत शब्द प्रयोग गरेको छु । यी शब्दको नेपाली पर्याय शब्द नपाएर या नमिलेर नै प्रयोग गरेको हुँ । कुर्यौलीहरूले घोत्लिएर जमर्को लिएदेखि



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो नेपाली भाषाको ठेकी मोथेर गाउँघरमा चलेको नेपाली हिज्जेकै चलन-चालन गर्ने कुराले मेरो मथिङ्गल पनि धार्धुर पार्‍यो । तर मेरो शब्द भण्डारमा झर्रो शब्द अघ्यौजी कहाँबाट हुनु ? हामी झर्रो नेपाली बोल्न, पढ्न, सुन्न छाडिसकेका सहरिया खाल्टेले बाजे बज्यै अझ जिजुबाजे र जिजुबज्यैले बोल्ने र लेख्ने भाषा बिसिसक्यौं । फेरु आधुनिक पत्रपत्रिकाको बाढी छुटे पछि त, तर मेरो काव्यमा नेपाली युग्मक र ध्वन्यात्मक शब्दको मात्रा निक्कै भएजस्तो लाग्छ । त्यो भन्दा पनि ठाउँठाउँमा शब्दको स्वर समास र केवल ध्वनिद्वारा मात्र अर्थ निकाल्ने प्रयोग अनौठो लाग्ला । शब्दको वास्तवमा आफ्नो अर्थ हुँदैन, प्रसङ्ग र प्रयोगले नै शब्दमा अर्थ भर्छ । क्रान्ति र क्रान्तिको खाँचो अनि क्रान्तिले ल्याएको अन्यौलले भरिएको यो काव्यको बस्ती र सडकमा लाखौंको खल्लाबल्ला, होहल्ला, ठेट बोली र ठाडो सोझसाझ बोलचाल सुनिन्छ । यो बोली र शब्द समूहलाई कसरी कविता या छन्दमा समावेश गराउनु र कसरी यी खल्लाबल्लाका बोलीबाट काव्यात्मक ध्वनि खार्नु भन्ने समस्याको समाधानमा मैले विभिन्न प्रयोग गरेको छु । सामवेददेखि श्रमिन्सिको संगीत र उहिल्यैदेखि चलिआएको लोकगीतदेखि लिएर भर्खरै अफ्रिकाली गीतले प्रभावित भएका पाश्चात्य जाज र अन्य गीतबाट पनि छन्द रचनामा प्रेरणा लिएकोले मलाई धेरै ठाउँमा शब्दको अप्रचलित संमिश्रण गर्नुपरेको छ । कति ठाउँमा त शब्द, संगीतको मात्रा र ताललाई सधाउन प्रयोग भएका छन् । दुई तीन अलगअलग शब्दलाई एकै डिकोमा खाप्न परेको र एकै शब्दलाई पनि फटचाएर लेख्नुपरेको कारण यिनै हुन् । कहीं कहीं अपठचारो संस्कृत शब्द प्रयोग गर्न नचाहे पनि संगीतात्मकता छाड्न नसकेर त्यही शब्द प्रयोग गर्न बाध्य भएकोछु । भन्नुको अर्थ प्रवाह र छन्दको निर्वाह गर्न नै शब्दको प्रयोग गरेकोछु । झर्रो र मीठो शब्दको लागि छन्द बिगारेको छैन । कतैकतै एकै शब्द लगातार प्रयोग गर्नुको पनि तात्पर्य यही हो ।

नयाँ काव्य लेख्यो भन्दैमा मलाई आफ्नो पूर्वीय काव्य परम्पराको जरा नै उखलेर फाल्यो भनी नठान्नु । प्राचीनको महत्व राख्यो भन्दैमा समसामयिक विश्व काव्यको धारालाई बुझेको छैन या समेटेको छैन भन्ने नठान्नु । वेददेखि बोदलिएर र सामगानदेखि स्तामिन्सकीको परम्परा मेरो लागि आफ्नै परम्परा हो ।

□



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam. Kathmandu. Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal